अध्याय एक

# बदलिादो खाद्य शृङ्खलाः किसानबाट कर्पोरेट नियन्त्रणतिर

## १.१ परिचय

खाद्यवस्तुको नियन्त्रण किसानबाट विस्तारै ठूलठूला कम्पनीहरूमा जाँदै छ। यसले विभिन्न क्षेत्र, वर्ग तथा समूहका परिवार र व्यक्तिको खाद्य सुरक्षामा प्रत्यक्ष असर पारिरहेको छ। खाद्य सुरक्षामाथि परेको यस्तो असरको विश्लेषणमा यो अध्ययन केन्द्रित छ। अर्को शब्दमा, धेरै सङ्ख्याका कृषक, व्यापारी तथा उद्योगीले नियन्त्रण गरिरहेको खाद्य प्रणाली वा शृङ्खला (खाद्यवस्तुको उत्पादन, प्रशोधन, बजार व्यवस्थापन, बिक्री वितरण, ढुवानी र उपभोग) मा अहिले थोरै व्यक्ति वा उद्योग-व्यवसायको नियन्त्रण बढिरहेको छ। यी उद्योग व्यवसाय साधारणतः ठूला कम्पनी वा निगमको रूपमा चिनिन्छन्। यिनैलाई यस अध्ययनमा कर्पोरेट क्षेत्र भनिएको छ।[१] कर्पोरेट क्षेत्रले विशेषतः बहुराष्ट्रिय निगमहरूलाई

[१] साधारणतः कम्पनी वा कर्पोरेसन (निगम) भन्नाले एकभन्दा बढी व्यक्तिहरू मिलेर लगानी गरी सञ्चालित संस्था (व्यापारिक वा अन्य) लाई जनाउँछ जसले कानून वा सरकार सामु एउटा व्यक्तिको जस्तो मान्यता पाउँछ। यस्ता कम्पनी वा निगमहरूले आफ्नो वित्तीय र अन्य स्रोतहरूलाई सार्वजनिक गर्नुपर्ने हुन्छ। तर कम्पनी वा निगमहरूलाई धेरै छुट पनि हुन्छन्। जस्तैः यस्ता निकायले गरेको प्रदूषण समस्याको बोझ त्यसका स्वामित्वकर्ता माथि पर्दैन। कम्पनी र निगमहरूको कानूनी स्वरूप एउटै भए पनि साधारणतः कम्पनी भन्नाले सानो स्तरको संस्था र निगम भन्नाले आफ्नो अन्तर्गत सानो निकाय वा शाखा प्रशाखा



Chapter 1.pmd 1 7/5/2023, 3:05 PM

जनाए पनि यहाँ राष्ट्रियस्तरका ठूलो उद्योगहरूलाई पनि यसै शब्दभित्र पारिएको छ । देशभित्र मात्रै सीमित भए पनि ठूला उद्योग (साधारणतः घरेलु उद्योग इतरका व्यवसायभन्दा ठूला व्यवसाय) पनि यस अध्ययनमा कर्पोरेट क्षेत्रभित्रै परेका छन् ।

नेपालमा, त्यसमा पनि कृषि तथा खाद्य क्षेत्रमा, बहुराष्ट्रिय कम्पनीको प्रत्यक्ष प्रभाव त्यति टड्कारो रूपमा देखापरेको छैन ।[२] तथापि कुनै कुनै कम्पनीको बहुराष्ट्रिय कम्पनीसँग सम्बन्ध देखिन्छ । यस अध्ययनको क्रममा (व्यक्तिहरूसँग छलफल गर्दा वा प्रश्नावली भर्दा) कम्पनी वा ठूलो उद्योगबाट उत्पादन हुने तयारी वा पुरियाबन्द खानेकुरालाई कर्पोरेट खाद्यवस्तुको रूपमा चिनाइएको थियो । पकाउनु नपर्ने वा परम्परागत तरिकाले पकाउनुभन्दा सजिलै तयार हुने र पुरियाबन्द रूपमा पाइने खाद्यवस्तु कर्पोरेट क्षेत्रका खाद्य उत्पादन भनेर प्रायः चिनिन्छन् । यो पुस्तक यस्ता खाद्यवस्तुको प्रयोग र यसको असरबारे गरिएको अध्ययन हो । यस्तो खानालाई 'कम्पनी खाना' वा 'सुविधा खाना' पनि भनिन्छ । यी सुविधायुक्त खाद्यवस्तुलाई साधारणतः आधुनिक वा विकासे संसारको उपलब्धिको रूपमा पनि हेरिने हुनाले यिनीहरूलाई 'विकासे खाना' पनि भनिएको पाइन्छ । यस्ता खानाको ठूलो उपभोगबाट खाद्य सुरक्षामा पर्ने प्रभाव यस अध्ययनमा समेटिएको छ । खाद्य सुरक्षाले साधारणतः मानिसको स्वास्थ्य स्थितिसँग सीधै सम्बन्ध राख्छ तैपनि यसको अर्थ व्यापक छ ।[३] अझ यी सुविधायुक्त खाद्यवस्तुको प्रयोगले घरेलु अर्थतन्त्र र समाजमा व्यापक प्रभाव पारेको हुन्छ । खाद्यवस्तुको उपलब्धता, प्रयोग र अन्ततोगत्वा स्वास्थ्यमा परेको वा पर्ने असरलाई पनि खाद्य सुरक्षाअन्तर्गत समेटिएको छ ।

कर्पोरेट क्षेत्रको उद्योग व्यापारलाई करिब सन् १९८० देखि लागू भएको नव-उदारवादी नीतिले संसारभर नै प्रोत्साहन दिँदै आएको छ । खाद्य क्षेत्रको कर्पोरेट संसार पनि यही समयदेखि आफ्ना जरा संसारभर फिजाउन सफल हुँदै आएको छ । नव-उदारवादले यस्तो राजनीतिक अर्थनीति तथा प्रक्रियालाई जनाउँछ

---

भएको ठूलो संस्था बुझिन्छ । शाखाहरूबाट केही समस्या भएमा यिनीहरू बन्द हुन सक्छन् वा यिनको नाम परिवर्तन गरिन्छ, तर यसले मुख्य निगमलाई असर पार्दैन । यस अध्ययनमा कम्पनी र निगमलाई एउटै रूपमा लिइएको छ ।

[२] तर कतिपय खाद्यान्न र खाद्य पदार्थको क्षेत्रमा बहुराष्ट्रिय कम्पनीको प्रभाव अप्रत्यक्ष रूपमा पनि आएको छ, जुन साधारणतः हाम्रो दृष्टिभन्दा बाहिर पर्न सक्दछ । उदाहरणको लागि, विभिन्न तयारी खाद्यान्नमा मिसाइने वस्तुहरू बहुराष्ट्रिय निगमबाट उत्पादित वस्तुहरू हुन सक्छन् । जस्तैः चिनीको सट्टा प्रयोग गरिएका गुलिया पदार्थहरू ।

[३] यसको विस्तृत विवरणको लागि हेर्नुहोस् अधिकारी (सन् २००४: २१७-२५०) ।

जसले केही निजी स्वार्थलाई सम्पूर्ण सामाजिक र गैर बजारमुखी क्रियाकलापमाथि नियन्त्रण गर्न छुट दिन्छ । यसले गर्दा सीमित निजी क्षेत्र आफूलाई विस्तार गर्न र अत्यधिक व्यक्तिगत नाफा कमाउन सक्षम हुन्छन् । अहिले चलिरहेको विश्वव्यापीकरणले नव उदारवादलाई झन् प्रोत्साहन गरेको छ, जसले गर्दा सम्पूर्ण विश्वको अर्थतन्त्र थोरै तर भीमकाय कर्पोरेट क्षेत्रको नियन्त्रणमा पुगेको छ (हेर्नुहोस् चोम्स्की सन् १९९९) । खाद्य क्षेत्रमा अहिले विकास भएको जैविक एवं सूचना प्रविधि र नव उदारवाद तथा विश्वव्यापीकरण नीतिबाट फाइदा उठाएर केही ५-७ बहुराष्ट्रिय कम्पनीले विश्वको खाद्य शृङ्खलालाई नियन्त्रण गर्न सफल भएका छन् ।

अहिले खाद्य शृङ्खलामा 'खेतबारीदेखि भान्सासम्म' नाफामुखी बहुराष्ट्रिय वा राष्ट्रिय निगम (कर्पोरेट क्षेत्र)को प्रभुत्व बढ्न थालेको छ । तिनीहरूले खानाको विश्वव्यापीकरण भन्दै खाद्यवस्तु तथा खेतीबालीमा आफ्ना उत्पादन प्रबर्द्धन गर्न कैयौँ रणनीति अपनाएका हुन्छन्, जसमध्ये उनीहरूका आर्थिक तथा राजनीतिक हतकण्डाहरू प्रमुख छन् । बहुराष्ट्रिय निगमहरू अहिले विश्वव्यापी रूपमा आर्थिक तथा राजनीतिक हिसाबले शक्तिशाली छन् । नेस्ट्ले, युनिलिभर, साराली, केलोग्स, हर्शेस, पेप्सी, कोकाकोला तथा म्याकडोनाल्ड जस्ता बहुराष्ट्रिय निगमकै पकडमा अहिलेको विश्वको खाद्यचक्र रहेको बताइन्छ । यो पकड अझ मजबुत हुँदै जाँदा त्यसले कम विकसित देश र अझ त्यहाँका पनि सीमान्त समुदायको खाद्य सुरक्षामा नराम्ररी प्रभाव पार्न थालिसकेको छ । सार्वजनिक स्वास्थ्य तथा खाद्य सुरक्षामा यस्ता निगमको खाद्यचक्र माथिको पकडले कसरी असर पुर्‍याउँछ भनेर केही अध्ययनहरू भए पनि नेपालको सन्दर्भमा यस किसिमको चर्चा न्यून पाइन्छ ।

नेपालमा पनि खाद्यवस्तुमाथि बहुराष्ट्रिय निगम तथा कर्पोरेट क्षेत्रको नियन्त्रण बढ्दै गएको कुरा महसुस भइरहेको छ । ती क्षेत्रको प्रभाव नेपाली बजारमा परिसकेको छ र यो क्रम द्रूत गतिमा बढ्दो छ । उनीहरूले आर्थिक तथा राजनीतिक दुवै शक्ति आफ्नो उत्पादन प्रबर्द्धनमा लगाइसकेका छन् । मिडिया माथिको नियन्त्रण र प्रचारप्रसारको तीव्रताले आफ्नो उत्पादन माथिल्लो स्तरको उत्पादन भन्ने मान्यता स्थापित गर्न उनीहरू सफल हुँदैछन् । ती उत्पादनमाथि हुनेखाने र शिक्षित वर्गको बढ्दो आकर्षणले अरू सर्वसाधारणमा पनि ती वस्तुहरू खपत गर्ने प्रचलनलाई बढाएको छ । घरमै परम्परागत तरिकाबाट खाद्यवस्तु तयार पारेर खाने प्रचलन घट्दै गएको छ । उदाहरणको लागि, त्यस्ता कर्पोरेट खाद्य उत्पादन स्वास्थ्यवर्द्धक वा पोषणयुक्त खाद्यवस्तु भनेर बजारमा उपलब्ध छन् । आफ्नो स्वास्थ्य स्थिति सुधार्न (अझ बिरामी भएको बेला) तिनै उत्पादन खपत गर्नुपर्छ भन्ने सुझाव डाक्टर वा स्थानीय स्वास्थ्यकर्मीले समेत

दिन थालेका छन् । वास्तवमा यस्ता उत्पादनले एकातिर सर्वसाधारण माथि आर्थिक बोझ बढाइरहेको छ भने अर्कोतिर उनीहरूको स्वास्थ्य तथा खाने आदत पनि बिगारिरहेको छ । यी उत्पादन बजारमा सजिलै पाइने र यस्ता खाद्यवस्तुमा सामाजिक इज्जत हुन्छ भन्ने भ्रमपूर्ण सोचाइले परम्परागत तथा स्थानीय उत्पादन विस्थापन हुन थालिसकेका छन् । आधुनिक भन्दै चमकदमकयुक्त शैली वा प्रचलन बढ्दै जाँदा पनि यस्ता पदार्थको खपत बढ्दै गएको छ । उदाहरणको लागि, कोलस्टेरोलरहित खानेतेल उपयोग गर्नुपर्छ भन्ने सोचाइले आयातित वा पोका पारिएका तेलको प्रचलन बढेको छ । अहिलेको प्रतिस्पर्धात्मक जमानामा बच्चाको स्वास्थ्य र पोषणमा ध्यान दिनुपर्छ र उसलाई अतिरिक्त पोषणतत्त्वले भरिपूर्ण 'हेल्थड्रिङ्क्स' चाहिन्छ भन्ने सोचाइ त्यस्ता खाद्यवस्तुको प्रबर्द्धन गर्ने माध्यम बनेका छन् । वास्तवमा यी खाद्यवस्तु, स्थानीय रूपमै उत्पादन र खपत हुने हाम्रा चलिआएका खाना जस्तैः विभिन्न तरकारी, दाल, भात, रोटी, ढिंडो, फलफूल, दूधभन्दा कति उपयुक्त छन् भन्ने कुरा अनुसन्धानको विषय हो । अर्को ध्यान दिनुपर्ने तथ्य कर्पोरेट क्षेत्रका तयारी खाद्यवस्तुको मूल्य पनि हो । गरीब घरपरिवारले दुःख गरेर जम्मा गरेको सानो नगद आय यी उत्पादन खपत गर्नमा खर्च हुन्छ । त्यस बेला तिरेको मूल्यसँग परिवारका सदस्यहरूले प्राप्त गर्ने खाद्यवस्तु वा पोषणको परिमाण तुलना गर्नु पनि आवश्यक छ ।

सर्वसाधारणले आफ्नो खाना माथिको पकड गुमाउने अर्को कारण ती खानामा कर्पोरेट क्षेत्रको फैलदो उपस्थिति र नियन्त्रणलाई औँल्याइन्छ । वास्तवमा खाद्यवस्तु उत्पादन गर्ने उद्योगले छरितो, सुविधायुक्त र तयारी खाद्यवस्तुको उत्पादन बढाएर देशको खाद्यसुरक्षाको अवस्थामा परिवर्तन ल्याएको केही अध्ययनले समेत देखाएका छन् । उदाहरणको लागि, नेपालमा चाउचाउ उद्योगको विस्तारले ग्रामीण घरपरिवारको खाद्यसुरक्षालाई नराम्ररी प्रभावित गरेको छ (अधिकारी र बोहले सन् १९९८, उप्रेती २०५६) । ती अध्ययनअनुसार तयारी चाउचाउको मूल्य र त्यसमा भएको खाद्य परिमाणलाई त्यसले दिने पोषण तथा स्वास्थ्य सुरक्षासँग तुलना गर्दा नगद आय कम हुने र तयारी खाद्यवस्तुको खास आवश्यकता नपर्ने ग्रामीण घरपरिवारको लागि अनुपयुक्त देखिन्छ । जबकि त्यत्तिकै मूल्यमा स्थानीय रूपमा उत्पादित खाद्यवस्तुबाट ती परिवारले पूरा पोषण र स्वास्थ्य प्राप्त गर्न सक्दछन् ।

तयारी खाद्यवस्तु उत्पादन जस्तै, बिस्कुट, चक्लेट, अन्य खाजा आदिको खपत अहिलेको बढ्दो प्रचलन हो । यी खाद्यवस्तु अत्यधिक खपत गर्ने प्रचलनको असरबारे बुझ्ने प्रक्रियामा ठूलो सङ्कट देखिन्छ । उदाहरणको लागि आममान्यता अनुसार तयारी खानेकुराले महिलाहरूको कामकाजको बोझ हलुका पारेको छ । अन्यथा

महिलाहरूले परिवारभरिकै लागि परम्परागत खाना बनाउने प्रक्रियामा धेरै समय र परिश्रम खेर फाल्नु पर्थ्यो । त्यसैले पनि कर्पोरेट खाद्यवस्तुबारे औद्योगिक रूपमा तयारी खाद्यवस्तुको खपतले कुन समूहका मानिसहरूलाई (उमेर, लिङ्ग, सम्पन्नता, सामाजिक/सांस्कृतिक समूह, ग्रामीण/सहरी समाज, भौगोलिक/ पर्यावरणीय क्षेत्र आदिको आधारमा) कसरी प्रभाव पारेको छ भनेर बुझ्न जरुरी छ ।

खाद्य सुरक्षाको प्रमुख समस्या बहुराष्ट्रिय निगम वा कर्पोरेट क्षेत्रका खाद्यवस्तुबाट सिर्जना भएको ठान्ने गरिन्छ । यो तर्कअनुसार यस्ता खाद्यवस्तुको प्रचलनले मानिसको खाने बानीमा मात्रै परिवर्तन ल्याउँदैन, स्थानीय उत्पादनलाई समेत अनुपयुक्त बनाउँछ । जब स्थानीय उत्पादन घट्न थाल्छ यसले रोजगारी र जीविकाको उपायलाई समेत प्रभाव पारेर परिवारलाई अन्य वैकल्पिक उपाय खोज्न असमर्थ बनाई खाद्य असुरक्षाको खतरामा पुऱ्याउँछ । उदाहरणको लागि, विकसित मुलुकबाट भित्रिने पाउडर दूध थुप्रिनाले सस्तोमा दूध उत्पादन हुन थाल्छ । त्यसबाट दूध उत्पादन गर्ने किसान बजारमा दूधको माग घट्ने र कम मूल्य पाउने कारणले पीडित हुन्छन् । यसबाट लाखौं साना किसान दूध बिक्रीबाट प्राप्त हुने आयबाट वञ्चित हुन्छन् र खाद्यान्न खरिद गर्न नसक्ने स्थितिमा पुग्छन् । बजारको साधारण सर्वेक्षणबाट पनि प्रस्ट हुन्छ, त्यसरी भित्रिने दूध धेरैजसो ठूलो उद्योग वा बहुराष्ट्रिय निगमका उत्पादन हुन् । यी उत्पादनले खासगरी सहरी क्षेत्रको धेरै पसलमा (सानातिना पसलमा समेत) ठाउँ पाएका छन् । ठीक यही कारणले नेपालका किसानले आफ्नो दूध बेच्न 'मिल्क होलिडे' बढाउँदै लगेका छन् । त्यस्तै तोरीको तेल नेपालको प्रचलित खाने तेल हो, जसलाई अहिले विभिन्न बहुराष्ट्रिय निगमका उत्पादनले विस्थापन गर्न थालिसकेको छ । बहुराष्ट्रिय निगमको उत्पादनको आयात र प्रचारप्रसार स्वास्थ्यप्रति बढी सचेत भएको मान्यता (जस्तैः कोलेस्टेरोल रहित तेल) स्थापित गरिएको कारण यी उत्पादनले जनमानसमा ठूलो आकर्षण पैदा गरेका छन् । यसबाट स्थानीय क्षेत्रमा घटेको तोरीको उत्पादनले त्यसमा लागेका किसान र मजदुरको रोजीरोटीको अवसर पनि घटाएको छ ।[४]

---

[४] यो अवस्था नेपालमा भन्दा अझ बढी समस्यामूलक भारतमा देखिएको छ । त्यहाँ तोरीको उत्पादन भटमासको आयातित तेलको कारणले गर्दा एकदमै घटेको छ । भारतमा नगदे बाली लगाएका किसानहरूले उत्पादनलाई बेच्ने ठाउँ नपाएर र सस्तो भएको कारण घाटा भई ऋण तिर्न नसक्दा आत्महत्या गर्नुपरेको प्रशस्त उदाहरणहरू छन् । सस्तोमा आयातित खाद्यपदार्थ (जस्तै तेल, भटमास) अनुवंश परिवर्तन गरिएको (जिएमओ) हो भनी शङ्का गरिएको छ । जिएमओ को प्रदूषण र स्वास्थ्यमा के असर पर्दछ भन्नेबारे अझै किटानसाथ भन्न सकिएको छैन । तर यसको वातावरण र स्वास्थ्यमा नकारात्मक असर पर्दछ भन्ने विश्वास बढ्दै गएको छ (शिवा सन् २००१) ।

बहुराष्ट्रिय निगमबाट बढी पीडित हुनसक्ने नेपालजस्ता देशका साना किसानहरू हुन् । ती निगमले साना किसानबाट आफूलाई चाहिने खाद्यवस्तु खरिद गरेर ठूलो क्षेत्रमा बिक्री गर्न सक्छन् । यसले ती साना किसानमा एक किसिमको प्रतिस्पर्धा देखापर्छ । नगद आय आर्जन गर्ने लोभमा ती साना किसानले आफ्नो खेती किसानी बहुराष्ट्रिय निगमलाई आवश्यक पर्ने खाद्यवस्तु उत्पादन गर्न तर्फ ढाल्छन् । दाताबाट धानिएको सरकारी नीति पनि तिनै बहुराष्ट्रिय निगमको आवश्यकता पूरा गर्ने खाद्यवस्तु उत्पादन गर्न प्रोत्साहन दिने खालका हुन्छन् । त्यस्ता उत्पादनको बजारीकरणको बेला साना किसानहरूबीच हुने तीव्र प्रतिस्पर्धाले उनीहरूलाई नै हानी पुऱ्याउँछ । यसको फाइदा ती नाफामुखी निगमहरूले लिन्छन् । फलस्वरूप किसानले आफ्नो उत्पादनको सानो मूल्यमा नै चित्त बुझाउनुपर्ने हुन्छ । उनीहरूसँग उचित मोल पाउन कुनै हैसियत रहँदैन । अर्कोतिर बहुराष्ट्रिय निगमले साना किसानबाट सस्तोमा किनेको उत्पादनमा थप मूल्य राखेर उत्तरी क्षेत्रका विकसित मुलुकमा महङ्गोमा बेच्छ । यो प्रक्रियाले दक्षिणी क्षेत्रको गरिबीमा नै योगदान गर्छ । बहुराष्ट्रिय निगमका उत्पादनको कारणले ग्रामीण क्षेत्रको खेतीपाती समेत बदलिएको देख्न सकिन्छ । त्यस्ता निगमका उत्पादनको खपत गर्ने प्रचलनले किसानहरू व्यापारिक फाइदाका खाद्यवस्तु उत्पादन गर्न लालायित रहन्छन् तर त्यो जोखिमपूर्ण हुन्छ । बजारको उतारचढाव अर्को खराब अवस्था हो, जसबाट नेपालजस्ता देशका किसान सजिलै मारमा पर्ने हुन्छन् । यसप्रकार सम्पूर्ण खेती उत्पादन प्रणाली नै परिवर्तन हुँदैछ ।

सामान्य हिसाबले पनि, बहुराष्ट्रिय निगमको विस्तारले स्थानीय रूपमा रहेका साना किसान वा उत्पादकको हित गर्ने ठानिदैन । आफ्ना उत्पादन बेच्नलाई साना स्तरका उत्पादकले कैयौँ व्यवधान खेप्नुपर्छ । सरसफाइ, कच्चा पदार्थ र अन्यवस्तुको प्रयोग आदि प्रक्रियामा उच्चस्तरको गुणस्तर मापदण्डको सामना गर्नुपर्छ । यसबाट एकातिर ती साना किसान दुरुत्साहित हुन्छन् । अर्कोतिर बहुराष्ट्रिय निगमका उत्पादनले विकासोन्मुख बजारमा प्रवेश पाउँछन् । हुन त विकासोन्मुख देशमा पनि कृषि व्यापारिक कम्पनीहरू देखा पर्न थालेका छन् । तर त्यस्ता कम्पनीहरू विकसित देशमा आधार भएका बहुराष्ट्रिय निगमसँगै कुनै न कुनै रूपले जोडिएका हुन्छन् । यसले पाउने थप मूल्य (भ्यालु एडिसनको आधारमा) र नाफाको ठूलो अंश उत्तरी क्षेत्रका विकसित देशमै पुग्छ । अर्कोतिर वातावरण विनास, जमिनको उर्वराशक्तिको ह्रास जस्ता समस्याले दक्षिणी क्षेत्रका देशका विद्यमान समस्यालाई बढाउँछ, जसले खासगरी गरीब जनताको जीविकाका उपायलाई सङ्कटमा पारेको र सामाजिक राजनीतिक द्वन्द्वलाई समेत बढाएको पाइन्छ ।

माथि उल्लेख भएजस्तै नेपालमा बहुराष्ट्रिय कम्पनीको सीधा उपस्थिति ठूलो स्तरमा देखिँदैन । तैपनि उनीहरूको उत्पादनले बजारमा नियन्त्रण बढाउँदै लगेको भने प्रस्ट देखिन्छ । नेपालमा अहिलेसम्म १४ ओटा कृषि उद्योग परियोजनाहरूमा विदेशी लगानी रहेको छ, जसमा कूल पूँजीको २७ प्रतिशत (रु.४५ करोड ४० लाख) विदेशी लगानी छ । विदेशी लगानीमा सञ्चालित उद्योगहरू मुख्यतः साना र मझौला खालका छन् र यिनीहरू दुग्ध उत्पादन (डेरी), जडीबुटी प्रशोधन, तरकारी, फलफूल, फूल, चिया र कफीमा सीमित भएको देखिन्छ । यस्तो विदेशी लगानी मुख्यतः व्यक्तिगत तहमा मात्र भएको छ । नेपालमा सञ्चालित खाद्य बहुराष्ट्रिय कम्पनीहरूमा ब्रिटिश-अमेरिकन टोबाको कम्पनी, युनिलिभर, कोकाकोला पर्दछन् । नेपालको आफ्नै खाद्य कर्पोरेट क्षेत्रअन्तर्गत करिब ७३ ओटा कृषि उद्योगहरूलाई राख्न सकिन्छ (चालिसे सन् २००४) । सायद यी उद्योगहरू पनि बहुराष्ट्रिय निगमबाट प्रभावित हुन सक्छन् । तर सोझै प्रभावित हुने खाद्य उद्योगहरूमा भने साना घरेलु उद्योग पर्छन्, जसले प्रत्यक्ष रूपमा धेरैलाई रोजगारी र सानो आम्दानी दिनसक्छ ।

बहुराष्ट्रिय निगमका उत्पादनको कारणले देशको कृषिमा आधारित व्यवसाय पनि फस्टाउन नसक्ने ठानिन्छ । रोजगारी घट्ने प्रक्रिया पनि ठूलै हुन सक्छ । तर यसको स्तर र यसबाट खाद्य सुरक्षा तथा विभिन्न सामाजिक पक्षमा पार्ने प्रभाव बुझ्ने काम भएको छैन ।

## १.२ बहुराष्ट्रिय निगम र हाम्रो खाद्य प्रणाली

सहरीकरण र विश्वव्यापीकरणले कृषि र खाद्य प्रशोधनमा निकै परिवर्तन ल्याएको छ । खाद्यवस्तु उत्पादनमा अत्याधुनिक प्रविधिको बढ्दो प्रभावले गर्दा कृषि कार्य उत्पादन पछिको प्रक्रियामा बढी केन्द्रित भएको छ । यसलाई साधारणतः 'बाली थन्काइ पछिको' प्रक्रिया भनिन्छ । यो 'बाली थन्काइ पछिको' प्रक्रियामा औद्योगीकरण निकै बढेको छ । यसमै बहुराष्ट्रिय कम्पनी तथा कर्पोरेट क्षेत्रको नियन्त्रण बढी रहेको छ । उदाहरणको लागि, जम्मा तीनओटा कम्पनीले संसारको कफी प्रशोधनको आधा भाग ओगट्छन् भने ३० ओटा ठूला सुपर मार्केटको सञ्जालले एक तिहाइ खाद्य तथा अन्य दैनिक प्रयोग हुने वस्तु बिक्री-वितरण गर्दछन् । अन्य खाद्यवस्तु, कृषि औजार, रसायन, बीउविजन तथा औषधीमा पनि यस प्रकारको नियन्त्रणबारे विस्तृत रूपमा इटिसी समूहको प्रकाशनमा देखाइएको छ (इटिसी ग्रुप सन् २००५) । यो नियन्त्रणले गर्दा सम्पूर्ण खाद्य उत्पादनको तरिका र खाद्य संस्कृतिलाई त असर पारेकै छ । त्यसमा पनि

विकासशील राष्ट्रहरूको कृषि उत्पादन र खाद्य सुरक्षामा ठूलो प्रभाव परेको देखिन्छ । साधारणतः यस्तो नियन्त्रणले खाद्य संस्कृति र विविधता हराउनु मात्र नभै विकासशील देश र त्यसमा पनि परम्परागत आर्थिक क्षेत्रमा निर्भर जनसङ्ख्याको खाद्य सुरक्षालाई नकारात्मक रूपमा प्रभावित पार्छ ।

'बाली थन्काइ पछिको' प्रक्रियामा बहुराष्ट्रिय कम्पनीहरूको नियन्त्रणबाट उत्पादित खाद्यवस्तु साधारणतः तयारी खाद्यवस्तुको रूपमा बजारमा आउँछन् । यी खाद्यवस्तु पाकिसकेको हुने, खान प्रशोधन गर्नु नपर्ने, पाकेट खोलेर वा साधारण प्रक्रिया पूरा गरेर पनि खान सकिने र चिनी, नुन, चिल्लो पदार्थ तथा अन्य स्वाद बढाउने रासायनिक तत्त्व मिसिने भएकोले स्वादिष्ट हुने जस्ता कारणले गर्दा सजिलै बजार पाउँछन् । त्यसबाहेक उत्पादक कम्पनीको विज्ञापन शैली र यसले सर्वसाधारणको मन मस्तिष्कमा पार्ने प्रभावले गर्दा पनि यस्ता खाद्यवस्तुको बजार बढ्छ । ढुवानी गर्न सजिलो हुने, प्याकेजिङ्ग र रसायनको सहायताले लामो समयसम्म टिक्ने, उत्पादक बजारको व्यवस्थापन र यसलाई नियन्त्रणमा लिने ज्ञान एवं शक्ति सम्पन्न हुने तथा आफ्नो नियन्त्रण बढाउन अन्तर्राष्ट्रिय रूपमा राजनीतिक प्रभाव प्रयोग गर्न सक्ने भएकोले यस्ता उत्पादन विकसित देश तथा ठूला सहरबाट सजिलो पहुँच नभएका वा दुर्गम विकासशील देशका कुनाकुनामा पनि पुग्न थालेका छन् । परिणामस्वरूप त्यहाँको स्थानीय खाद्य संस्कृति प्रभावित भएको छ । गाउँघरमा स्थानीय रूपमा उत्पादित खाद्यान्नमा आधारित खाद्य संस्कृतिमा क्रमशः परिवर्तन आइरहेको छ । यस्तो परिवर्तनले खाद्य सुरक्षालाई कस्तो प्रभाव पारेको छ त भन्ने प्रश्न महत्त्वपूर्ण हो ।

साधारणतः बहुराष्ट्रिय कम्पनी वा कर्पोरेट क्षेत्रबाट उत्पादित खाद्यवस्तु धेरै क्यालोरीयुक्त तथा चिल्लो पदार्थ, चिनी र नुनले भरिएका हुन्छन् । यी वस्तुहरू विशेषतः खानालाई मीठो बनाउन र लामो समय टिकाउन प्रयोग गरिन्छ । यसबाट स्वास्थ्यलाई हानी पुग्ने धारणा बलियो छ । तर आजकल स्वास्थ्यको ख्याल गर्ने व्यक्तिलाई नै लक्षित गरेर प्रचार प्रसार गरी यस्ता खाद्यवस्तुको बजार बढाइन्छ । यिनै उत्पादनको नाममा बजारलाई नियन्त्रण गरी स्थानीय उत्पादनलाई विस्थापन गरिन्छ ।

बहुराष्ट्रिय कम्पनी र कर्पोरेट क्षेत्रको प्रभावले चिया, कफी, हल्का पेय पदार्थ, पुरियाबन्द खाद्यवस्तु आदिको चलन बढेको छ । यी नयाँ र कतिपय अवस्थामा अनावश्यक खाद्यवस्तु हुन् । सहरीकरण तथा अन्य कारणले गर्दा घरको खाना तयारीको जिम्मा लिँदै आएका महिलाहरूको व्यस्तता अन्य कार्यमा बढेको छ, जुन लैङ्गिक सन्तुलनको लागि महत्त्वपूर्ण छ । तर भान्साको लागि उनीहरूको भूमिका भने यथावत नै छ । फलस्वरूप तयारी खाद्यवस्तु अत्यावश्यक भएको पुष्टि गर्न

थालिएको छ । यी तयारी खाद्यवस्तु साधारणतः आधुनिक क्षेत्रबाट आउने, सहरीया पढेलेखेका र समाजको रोल मोडेल भनाउँदाले प्रयोग गर्ने भनेर पनि प्रचार गरिन्छ । त्यसैले यी खाद्य सामग्रीको प्रयोग 'सामाजिक प्रतिष्ठा' को आधार पनि बन्न पुग्छ । यिनै कारणले होला, मूल्य बढी भए पनि यस्ता खाद्यवस्तुहरूको प्रयोग बढ्दै गएको छ । कतिपय ग्रामीण भेगमा किसानहरू घरमा उत्पादित दूध, अण्डा आदि बेचेर बिस्कुट, चाउचाउ आदि किन्ने गरेको पनि देख्न सकिन्छ ।

शाक्य (सन् १९८०) को एक अध्ययनअनुसार नेपालमा धेरै जातजाति भएकोले उनीहरूको विभिन्न भाषा, संस्कृति, कृषि प्रणाली र प्रशोधन गर्ने तरिका पनि फरक थियो । यसले गर्दा धेरै प्रकारका एवं पौष्टिक तत्त्वयुक्त खानाहरू बनाइन्थे अर्थात् विविधतायुक्त खाद्यसंस्कृति थियो । अहिले सजिलोको लागि प्याकेटमा उपलब्ध सुलभ खानाहरूलाई बढी प्रयोग गर्न थालिएको छ । त्यस्तै क्रान्ट्ज (सन् १९९०) का अनुसार त नेपालमा बिस्कुट, पाउरोटी (सेतो), हेल्थ ड्रिङ्क्स आदिको विरुद्धमा अभियान नै चलाउनु पर्छ । यी वस्तुहरू स्थानीय खानाको सट्टामा प्रयोग गरिनु हुँदैन । किनभने यिनले मूल्यको तुलनामा निकै थोरै पौष्टिक आहार दिन्छन् । साधारणतः पूर्ण रूपमा अन्नमा आधारित स्थानीय खाद्यसंस्कृति नै स्वास्थ्यको लागि धेरै राम्रो हुन्छ ।

यस्ता अनावश्यक खाद्यवस्तु परिवार र समाजमा स्थापित हुनुमा महिला पुरुषबीच कामको बाँडफाँड र विभेद पनि उत्तिकै जिम्मेवार देखिन्छ । नेपाली परिवारमा भान्साको काम साधारणतः महिलामा थोपरिएको हुन्छ । घरको अन्य मेलोमेसोले गर्दा उनीहरूलाई कामको बोझ पनि बढी छ । एउटा ग्रामीण परिवारमा महिलाले पुरुषको तुलनामा करिब चार घण्टा बढी काम गर्नुपर्छ । कामको यो बोझले गर्दा पनि महिलाहरू छिटो छरितो हुने तयारी खाद्यपदार्थ बढी रुचाउँछन् होला । तर उनीहरूसँग घरपरिवारको सम्पत्ति र नगद आयमाथि नियन्त्रण नभएकोले आफ्नो रुचि पूरा गर्नसक्ने अवस्थामा शङ्का गर्न सकिन्छ । यदि नगद पैसामा नियन्त्रण पुरुषको छ भने तयारी खाना किन्ने प्रक्रिया पुरुषकै हातमा हुन सक्छ । इज्जत बढाउने र मैले आधुनिक वा सहरीया खाद्यवस्तु खपत गर्छु भन्ने धाक जमाउन पनि पुरुषले तयारी खाना किन्न जोड दिन सक्छन् । तर यससम्बन्धी थप अध्ययनहरू भेटिएका छैनन् । यस अध्ययनले खाद्य उपभोगको लैङ्गिक पक्षमा केही विश्लेषण गर्नेछ ।

सहरीकरण तथा विश्वव्यापीकरणका साथै कुनै क्षेत्रको आर्थिक विकासको कारणले नेपालमा मात्र नभै एसियामै परम्परागत अन्नमा आधारित खानामा परिवर्तन आएको छ । धेरै देशमा खानाको प्रकारमा पश्चिमीकरण हुँदैछ । विश्वसँग सहरीया मध्यम वर्गको बढ्दो सम्पर्क नै खाने संस्कृतिमा परिवर्तन आउनुको एउटा मुख्य कारण हो (पिङ्गली सन् २००४) । एसियामा खानामा आएका छओटा मुख्य

परिवर्तनहरू यसप्रकार छन्: १. भातको प्रतिव्यक्ति उपभोगको मात्रामा कमी, २. गहुँ र गहुँमा आधारित खाद्यवस्तुमा विस्तार, ३. खाद्य समूहमा विविधीकरण, ४. प्रोटिन र क्यालोरीयुक्त एवं घनत्व बढी भएको खाद्यवस्तुमा वृद्धि, ५. तरकारी तथा फलफूल आदिमा वृद्धि, र ६. सुविधायुक्त तयारी खाद्यवस्तुको व्यापक लोकप्रियता । यी माथिका पक्षहरूको मागमा परिवर्तन भएकोले आपूर्ति पनि परिर्वतन भएको छ (पिङ्गली सन् २००४) । आम्दानीमा वृद्धि, सहरीकरण र मुख्यतः जीवनपद्धतिमा परिवर्तन आउनु नै मागमा परिवर्तन आउनुका मुख्य कारण हुन् । खानाको परिवर्तनमा आपूर्ति तर्फबाट आएका असरहरू निम्न कारणबाट आएका छन्: स्थानीय उत्पादन र उपलब्धतालाई असर पुऱ्याउने गरी विश्व बजार र अर्थतन्त्रमा भएको एकीकरण, विदेशी पूँजीलाई सक्दो बढावा, बहुराष्ट्रिय कम्पनीको भूमिकामा नयाँपन दिने गरी भएको उदारीकरण र यातायात ढुवानीको खर्चमा कमी । फलस्वरूप खाद्य संस्कृति तीव्र गतिमा परिवर्तनशील बनेको छ ।

नेपालको सन्दर्भमा सहरीकरणको भूमिका पनि महत्त्वपूर्ण हुन सक्छ । वास्तवमा सहरीकरणले गर्दा सामाजिक-आर्थिक परिवर्तन हुन्छ जुन साधारणतः औद्योगीकरणसँग जोडिएको हुन्छ । तर यो पाटो भने नेपालको सन्दर्भमा पूर्णत सत्य नहुन पनि सक्छ । किनभने यहाँ सरकारी निकाय वा कार्यालयको स्थापना हुने र सेवा प्रदान गर्ने व्यापारिक केन्द्र नै सहर बनेका छन् । जे होस् सहरी जनसङ्ख्याको बढ्दो क्रमलाई हेर्दा केही वर्षभित्रै नेपालको जनसङ्ख्याको धेरै भाग सहरमा बस्ने देखिन्छ । हाल करिब १७ प्रतिशत जनसङ्ख्या सहरमा रहेको अनुमान छ । सहरको ठूलो मागलाई ध्यान दिँदा ठूलठूला सुपरमार्केटका सम्भावनाहरू पनि बढेका छन् । सहरकै गरीब र बढी आवतजावत हुने क्षेत्रहरूमा सडक खानाको चलन बढिरहेको छ । सडकको खानाले मानिसहरूलाई आम्दानी गर्ने समय बचाइदिन्छ । सहरमै धेरै महिला घरबाहिर काम गर्ने भएकाले पनि 'सुलभ खाना' (फास्टफूड) को चलन बढेको छ । सहरी सन्दर्भमा महिलालाई घरमा भन्दा बाहिर काम गर्ने अवसर तथा फाइदा बढी हुने हुँदा उनीहरू यस्तो काममा धेरै समय दिन्छन् । यिनै कारणहरूले गर्दा सहरमा तयारी खाना पाइने 'सुलभ खाना पसलका शृङ्खला' खुलेका छन् । तीमध्ये कुनै बहुराष्ट्रिय कम्पनीअन्तर्गत पनि हुन्छन् । यस्ता पसल शृङ्खला मुख्य र ठूला सहरमा मात्र नभएर साना सहरमा समेत खुल्न पुगेका छन् ।

अहिले विकासशील देशहरूले आफ्नो निर्यातभन्दा बढी खाद्यवस्तु आयात गर्छन् । खाद्य आयातको वृद्धिले खाद्य शृङ्खलामा व्यापक असर गरेको छ । संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठनको अध्ययनले परिवर्तित खाद्य प्रणालीको

कारणले विकासशील देशको खाद्य आयात कायम नै रहने मात्र नभई अझ बढ्दै जाने अनुमान गरेको छ (पिङ्गली सन् २००४)। यस्तो अवस्थामा साना कृषकहरू क्रमशः ठूलठूला प्रशोधन कम्पनीको करारमा उनीहरूलाई आवश्यक पर्ने खाद्यान्न उत्पादन गर्छन् । यसले गर्दा कृषकहरूलाई धेरै जोखिम उठाउनुपर्ने हुन्छ वा ठूला उद्योगमा बढी भर पर्नुपर्ने हुन्छ ।

गत तीन दशकमा अन्तर्राष्ट्रिय बजारमा भएको खाद्यवस्तुको मूल्यको उतारचढाव र मूल्य निर्धारणमा बहुराष्ट्रिय कम्पनीको पर्दा पछाडिको खेलले गर्दा गरीब राष्ट्रहरू मारमा परेका देखिन्छन् । सन् १९९० को दशकमा विकासशील देशहरूले निर्यात गर्ने खाद्यवस्तुको मूल्य सन् १९३० को 'ग्रेट डिप्रेसन' को समयदेखिको न्यूनतम् तहमा पुगेको छ । उदाहरणको लागि, कफीको मूल्य सन् १९९७ देखि २००१ सम्ममा ७० प्रतिशतले कम भएको छ, जसले गर्दा अफ्रिका र मध्य अमेरिकाका साढे दुई करोड साना किसान प्रत्यक्ष रूपमा भोकमरीको चपेटामा पुगेका छन् (एफएओ सन् २००४ए) ।

अहिले आधारभूत खाद्यवस्तुको वास्तविक मूल्य घटिरहेको भए पनि त्यो अस्थिर छ अर्थात् मूल्यमा उतारचढाव आइरहेको देखिन्छ । मूल्य घट्नु गरीब देशको लागि फाइदाजनक देखिए पनि, उतारचढाव एउटा चिन्ताको विषय हो । अहिले धेरै गरीब देशहरू र केही विकासशील देशमा आयातभन्दा निर्यात कम भएपनि ठूलो जनसङ्ख्याको हिस्सा खेतीमै निर्भर छ (एफएओ सन् २००४ए) । नेपालको अवस्था पनि यही नै हो तर हालका तथ्याङ्कले नेपाल खाद्यवस्तुमा आत्मनिर्भर भएको देखाउँछ । सन् १९९० को दशकमा भने नेपालले खाद्यवस्तु निर्यातभन्दा बढी आयात गर्दथ्यो ।

गत दुई दशकमा विकासशील तथा कम विकसित देशका किसानहरूले विकसित देशका किसान तथा कम्पनीहरूसँग बढी प्रतिस्पर्धा गर्नु परिरहेको छ । विकसित देशका ठूला कम्पनीहरूले खाद्य प्रशोधन र वितरणमा नियन्त्रण बढाएका छन् । उनीहरूले प्रयोग गर्ने प्रविधि अत्याधुनिक भएकोले उनीहरू खाद्यवस्तुको अन्तिम प्रशोधनसम्म पुग्न सक्छन् । यस्तो धेरै प्रशोधित खाद्यवस्तु महङ्गो त हुन्छ नै, तर अहिले यस्तै वस्तुको मूल्य मात्र स्थिर रहेको छ । विकसित देशका उत्पादक वा कम्पनीले आफ्नो निर्यातबाट बढी मुनाफा त पाउँछन् । त्यसमाथि थप सरकारबाट पाउने सुविधाले पनि उनीहरूसँग विकासशील देशका कृषकहरू प्रतिस्पर्धा गर्न सक्दैनन् । जस्तैः विकसित देशले दिने यस्तो सुविधा वर्षको करिब २३० अरब अमेरिकी डलर रहेको अनुमान छ । यिनै कारणले गर्दा कम विकसित देशका कृषकले आफूले उत्पादन गरेर बजारमा पुऱ्याएको खाद्यवस्तुको मूल्यको

केवल एउटा सानो अंश मात्र लिन सक्षम हुन्छन् । उनीहरूले निर्यात गर्नुपर्ने वस्तु सस्तो हुने तर आयात गर्ने वस्तु महङ्गो हुन्छ (एफएओ सन् २००४बी) ।

खाद्य प्रशोधन र खुद्रा व्यापारले गर्दा खाने बानी र खाद्यवस्तुमा एकरूपता आइरहेको छ । एसिया र दक्षिण अमेरिकामा बहुराष्ट्रिय कम्पनीले आफ्नो लगानी खाद्य उद्योगमा बढाइरहेका छन् । गत दुई दशकमा एसियामा यस्तो लगानी तीन गुणाले वृद्धि भई करिब २.१ अरब अमेरिकी डलर पुगेको छ (एफएओ सन् २००४बी) । यो लगानीको साथसाथै सुपरमार्केट सञ्जाल (चेन) मा पनि तीव्र वृद्धि भएको छ । नेपालमा पनि खासगरी सहरी क्षेत्रमा यस्तो क्रम सुरु भएको देखिन्छ ।

## १.३ खाद्यपदार्थको आवश्यकता वा इच्छाः समाज र बहुराष्ट्रिय कम्पनीको भूमिका

खाद्यपदार्थलाई अरू उपभोग्य वस्तु जस्तै एउटा वस्तु मान्न सकिन्छ । यसको एउटा प्राकृतिक प्रयोग मूल्य (natural use value) हुन्छ । जस्तैः खाद्यपदार्थले काम गर्ने शक्ति दिन्छ तथा यसको स्वाद पनि हुन्छ । साथै खाना खाँदा मानिसलाई मनोरञ्जन पनि हुनसक्छ । तर खाद्यवस्तुलाई यीबाहेक छुट्टै अर्थ दिने वस्तुको रूपमा पनि लिन सकिन्छ । त्यस्तो अर्थ समाजले प्रदान गरेको हुन्छ । तसर्थ खाद्यवस्तुले 'भोक' तथा अन्य खानासम्बन्धी प्राकृतिक आवश्यकता मात्र पूरा गर्दैन, सामाजिक आवश्यकता पनि पूरा गर्छ । यस्ता आवश्यकता समाजले सृजना गरेको हुन्छ । विभिन्न आर्थिक, सामाजिक तथा सांस्कृतिक समूहमा यस्ता आवश्यकता फरकफरक हुन्छन् । जसले गर्दा कसले कुन वस्तु कसरी उपभोग गर्छ भन्ने कुरामा विविधता रहन्छ । मानिसले एक आपसमा सामाजिक भिन्नताको आधारमा फरक देखाउने कोसिस गरेको हुन्छ । एउटा व्यक्तिले भटमासको सट्टा मासु किन्न सक्छ । मासु किन्ने आवश्यकता एकैसाथ व्यवहारिक, समानतामूलक वा विभेदकारी हुन सक्छ । मासु किनेर खाने वर्गको सदस्यता हुने व्यवहारिक आवश्यकताले यो वर्गसँग समानता प्राप्त हुन्छ भने यसले मासु नखाने वा किन्न नसक्ने वर्ग वा समूहसँग विभेद देखाउने अभिप्राय पनि पूरा हुन्छ । खानाको यसकारण पनि सामाजिक साङ्केतिक मूल्य हुन्छ ।

खाद्यपदार्थ र यसको उपभोगको सांस्कृतिक पक्ष पनि हुन्छ भन्ने कुरा सर्वविदितै छ । खाद्यपदार्थको इज्जत बढाउने र कुनै समूहसँगको सामीप्यता वा फरक देखाउने साङ्केतिक मूल्य भएकोले व्यक्तिहरू आफ्नो अनुसारको खाद्यवस्तु प्राप्त गर्न खोज्छन् । यस्ता वस्तु समाजले सृजना गर्दछ, जुन उनीहरूको सामाजिक तथा प्राकृतिक आवश्यकता पूरा गर्ने पक्षसँग गाँसिएको हुन्छ । यस्तो खाद्यवस्तु

प्राप्त गर्न र उपभोग गर्नको लागि व्यक्तिहरूले केही इच्छाविपरीत कार्य गर्नु पर्दछ । जस्तो महङ्गो मासु किन्नको लागि बढी काम गर्नुपर्ने हुन सक्छ ।

सांस्कृतिक नियम, मूल्य मान्यताले खाद्य उपभोगलाई नियन्त्रण गर्दैन, यसले कुन खाद्यवस्तु किन्ने भन्ने कुरालाई असर पनि पार्छ । यस्ता मूल्य मान्यताले खाद्यवस्तुलाई उचनीचको क्रममा वर्गीकरण गर्छ तथा खाद्यवस्तुले मूल्य र इज्जतको आधारमा मानिसहरूलाई विभिन्न 'अर्थ' दिइरहेका हुन्छन् ।

यसबाट प्रस्ट हुन्छ खाद्यवस्तुका पनि दुई पक्ष छन्- वर्गीय र सांस्कृतिक । बजारमुखी अर्थतन्त्र, मिडिया, विज्ञापन र विश्वव्यापीकरणले गर्दा खाद्यवस्तुले प्रदान गर्ने साङ्केतिक मूल्य, इज्जत तथा अर्थमा परिवर्तन आएको छ । चलिआएको खाद्यपदार्थको पनि मूल्य र इज्जतमा परिवर्तन आएको छ । परम्परागत रूपमा घरमा बनाएर खाने खाद्यवस्तु जस्तै रोटी, च्यूराको साङ्केतिक मूल्यमा कमी आइरहेको छ । बजारमुखी अर्थतन्त्रको र विश्वव्यापीकरणको बढ्दो प्रभावले गर्दा नयाँनयाँ खाद्यवस्तु बजारमा आउने क्रम बढेको छ, जसको साङ्केतिक तथा उपभोग्य मूल्य र इज्जत ज्यादा देखिन्छ । विज्ञापन र मिडियाले यी खाद्यवस्तुको देखावटी अर्थ र इज्जतमा वृद्धि गराएको छ । अहिलेको आधुनिक वा उत्तरआधुनिक समयमा काल्पनिकतालाई पनि यसरी प्रस्तुत गरिन्छ कि यो वास्तविकता जस्तै हुनपुग्छ । यही सूत्रलाई प्रयोग गरी इलेक्ट्रोनिक तथा अन्य विज्ञापनको माध्यमबाट खाद्यवस्तुको विभिन्न अर्थ उपभोक्तालाई दिइन्छ । साधारणतः यस्तो काममा बहुराष्ट्रिय कम्पनी विशेष निपुर्ण छन् । यस्तो कामको लागि आवश्यक पर्ने प्रविधि, पूँजी तथा अन्य स्वरूपका शक्ति पनि उनीहरूकै पकडमा हुन्छन् । यसले उपभोक्तामा आफ्ना उत्पादनको आवश्यकता बढाइदिन्छ, जुन मुख्य रूपमा प्राकृतिक आवश्यकता नभएर सामाजिक आवश्यकता बन्नपुग्छ ।

बजार संस्कृति र व्यापारिक खाद्यवस्तुको बढ्दो प्रभावले काठमाडौँको 'वर्गीय' र 'जातीय' चरित्रमा आएको परिवर्तनबारे मार्क लिक्टीले लेखेका छन्– "काठमाडौँमा सहरीया मध्यम वर्गले आफूलाई यस्तो सांस्कृतिक स्वरूपमा सृजना गर्दछ, यसको सदस्यतामा विवाद गर्दछ र अन्य वर्गसँगको नयाँ सिमाना बनाउन पुरानो परम्परागत पृष्ठभूमि एवं बजार सृजित मूल्य र आकांक्षाहरूलाई आपसमा सम्मिश्रण गराउँछ" (सन् २००५: ३) । उनी भन्छन्– "वर्ग भनेको कुनै निश्चित परिभाषा र विभिन्न चरित्रहरूको मापन नभएर एउटा व्यवहार र प्रक्रिया हो ।" अहिले खानासम्बन्धी व्यवहार जातीय प्रचलनबाट क्रमशः अनियन्त्रित भएर बजारको र वर्गीय संस्कृतितिर बढी झुकेको छ ।

नेपालको जातीय (विशेष गरी हिन्दू धर्म मान्ने बाहुन क्षेत्री) संस्कृतिमा खानासम्बन्धी विभिन्न धार्मिक र व्यवहारिक चलन थियो । उपल्लो जातमा खानासम्बन्धी व्यवहार परिवारभित्रको निजी र बाहिरियाबाट टाढा हुनुपर्ने मान्यता राखिन्थ्यो ।

'चोखो', 'जुठो', 'अरूले छोएको खान नहुने', 'घरभित्र खानुपर्ने', 'विभिन्न समय र परिस्थितिमा विभिन्न प्रकारका खाना खानुपर्ने', 'अरूलाई देखाएर खाएमा धार्मिक तथा भूतप्रेत लाग्नुको साथै रोग लाग्न सक्ने' आदि मान्यता राखिन्थ्यो । मादक पदार्थ र मासु (विशेषतः खसीको बाहेक) वर्जित गरिन्थ्यो । यस्तो व्यवहारले बजारमा तयारी खानेकुरा किन्ने त प्रश्नै आउँदैनथ्यो । हिन्दू धर्म बाहिरका जनजातिहरूमा माथि उल्लिखित खानासम्बन्धी धार्मिक व्यवहार प्रचलनमा नभए पनि खानाको धार्मिक शुद्धता र प्रचलनसम्बन्धी आफ्नै नियमहरू थिए । यसकारण यी नियमले गर्दा 'खाद्यवस्तु' एउटा वस्तु मात्र नभएर छुट्टै महत्त्व र मूल्य राख्ने चिज मानिन्थ्यो । व्यवहारिक रूपमा यस्ता प्रचलनले बजारमा तयारी खानेकुरा उत्पादनलाई प्रोत्साहन गर्दैनथ्यो ।

अझै पनि गाउँघर तथा सहरका कतिपय 'माथिल्लो' जातका बुढाबुढीले बजारमा पाउने तयारी खानेकुरा खान रुचाउँदैनन् । पोखरामा जब पाउरोटीको प्रचलन सुरु भएको थियो, हातको साटो खुट्टा (पाउ+रोटी) को उपयोग भएको एवं 'तल्लो' जातको श्रमिक प्रयोग गरिएको आशङ्कामा उपल्लो जात मानिने व्यक्तिहरू यसको उपभोग गर्न चाहँदैनथे । यसबाहेक पाउरोटीमा अण्डाजस्तै अन्य 'अशुद्ध' वस्तु मिसाउँछन् भन्ने शङ्काले पनि हेरिन्थ्यो । बिस्कुटलाई पनि सुरुसुरुमा त्यसरी नै हेरिन्थ्यो । यसमा अण्डा मिसाउने भएकोले 'उच्च' जातको घरमा यसको उपभोग निकै नै कम हुन्थ्यो । तर युवा वर्ग, विशेषतः पुरुषले, अस्थायी रूपमा घरबाहिर बसेकाले पर्यटकहरूले यस्ता वस्तुहरू खाएको देखेर क्रमशः ग्रहण गर्दै गए । पुस्तक, पत्रिका, टिभी, रेडियो र विज्ञापनका अन्य तरिकाले गर्दा यी तयारी खानेकुराले छुट्टै 'इज्जत' र महत्त्व प्राप्त गरेका छन् । पहिला यस्ता तयारी खानेकुराहरू लुकेर खानुपर्ने स्थिति थियो भने अहिले देखाएर खाँदा इज्जत बढेको र आफ्नो वर्गीय तह बढेको अनुभव गरिन्छ । यसले गर्दा पनि यी तयारी खाद्यवस्तुको उपभोगमा व्यापकता आएको हो । अझै पनि धार्मिक चालचलनले खाने व्यवहारलाई प्रभाव पार्दै आएको छ । तर यो बिस्तारै खुम्चिदै छ र केही परम्परागत घरभित्र मात्र सीमित देखिन्छ ।

काठमाडौँको मध्यम वर्गीय परिवारमा रेष्टुरेन्टमा खाने प्रचलनमा पनि क्रमिक वृद्धि देखिएको छ (लिक्टी सन् २००५) । लिक्टीका अनुसार बजारको प्रभावले आएको रेष्टुरेन्ट जाने प्रचलन अहिले एउटा वर्गीय अभ्यास बनेको छ । परिणामस्वरूप सार्वजनिक भोज भतेरमा खानाको परम्परागत सांस्कृतिक प्रभाव कम भएको पाइन्छ । यद्यपि घरभित्र भने यस्तो प्रचलन कायमै छ । यसरी रेष्टुरेन्टमा खाने प्रचलनसँगै काठमाडौँका रेष्टुरेन्टमा कर्पोरेट क्षेत्रको नियन्त्रण बढ्दो छ । तथापि बहुराष्ट्रिय कम्पनीको हातमा नियन्त्रण पुगेको छैन । जस्तैः बेकरी क्याफे र अन्य यस्तै चेन रेष्टुरेन्ट एवं होटलहरूको प्रभाव बढेको छ । बहुराष्ट्रिय कम्पनीका

रेष्टुरेन्टहरूको प्रभाव पनि बढ्दै जाला । मेकडोनाल्ड, केन्टुकी फ्राइड चिकन, पिज्जा हट जस्ता बहुराष्ट्रिय कम्पनीका चेन रेष्टुरेन्टहरू पनि छिट्टै आउनसक्ने सम्भावना देखिन्छ । ती रेष्टुरेन्टमा जाने प्रचलन अर्को वर्गीय आवश्यकता हुनसक्छ जसले समाजको खाना खाने प्रचलनमा अर्को परिवर्तन ल्याउन सक्छ ।

## १.४ विश्व व्यापार सङ्गठन (डब्लुटीओ), कर्पोरेट संसार र खाद्य सुरक्षा

कुनै पनि देशले आफ्नो सिमानामा 'सामान्य कर' बाहेक अन्य रोकथामहरू लगाउन नसकिने प्रावधानलाई विश्व व्यापार सङ्गठन (डब्लुटीओ) को 'कृषिमा सम्झौता' को मुख्य उपलब्धि मानिन्छ । डब्लुटीओको सदस्य राष्ट्रले व्यापारलाई सीमित गर्न कुनै प्रकारको आयात कर वा मात्रात्मक सीमा या अन्य रोकथामका उपाय लगाउन सक्तैन । डब्लुटीओको यस प्रावधानलाई बहुराष्ट्रिय निगमले प्रयोग गरी गरीब र विकासशील देशको व्यापार र कृषि उत्पादनलगायत अन्य आर्थिक क्षेत्रमा नियन्त्रण गरेका छन् । खाद्य उत्पादन, प्रशोधन र बिक्री वितरणमा यस्तो नियन्त्रण बढी हानिकारक मानिन्छ । किनभने यसले देशको खाद्य सुरक्षालाई असर पार्दछ । खाद्य सुरक्षा कुनै पनि देशको सुरक्षाको एउटा अङ्ग पनि हो । यसकारण कुनै पनि देशले खाद्यमा सम्प्रभुता[५] प्राप्त गर्नु आवश्यक छ । तर जब खाद्य शृङ्खला बहुराष्ट्रिय निगमको हातमा पुग्छ, तब यो खाद्य सम्प्रभुता प्राप्त गर्न कठिन पर्दछ । विश्वव्यापीकरण वा डब्लुटीओका प्रावधानले विकासशील देश (वा त्यहाँका किसान/उपभोक्तालाई) पनि अन्य देशको सामान सस्तोमा किन्न मौका दिने वा उनीहरूका उत्पादनले अन्तर्राष्ट्रिय बजार पाउने भनी तर्क दिइने भए पनि उनीहरूलाई गैर व्यापारिक व्यवधान खडा गरेर व्यापारबाट वञ्चित गरिन्छ । जस्तो उत्पादनको सरसफाई र गुणस्तरसम्बन्धी डब्लुटीओका नियम कानूनले गर्दा साना कृषक, कम्पनी वा विकासशील देशले विकसित देशको बजार पाउन कठिन परेका प्रशस्त उदाहरण छन् ।

डब्लुटीओअन्तर्गत पनि किसानहरूलाई सुरक्षा स्वरूप अनुदान दिन सकिने, आयात रोक्न सकिने प्रावधानहरू छन्[६] भन्ने तर्क पनि गरिन्छ । नेपालमा हाल

---

[५] खाद्य सम्प्रभुता भन्नाले खाद्य उत्पादन उपलब्ध हुने मात्रै नभएर खाद्य उत्पादनसँग जोडिने अन्य प्रक्रियाहरू जस्तैः प्राकृतिक स्रोत (जमीन, जङ्गल, आदि) माथिको पहुँच, बीउबिजनमा नियन्त्रण, खाद्यान्न उत्पादन गर्ने अधिकारको संरक्षण, बजारमा बेरोकटोक पहुँच आदिलाई पनि जनाउँछ । अहिलेको विश्व व्यापार सङ्गठनको 'कृषि सम्झौता' ले गरीब देशहरूको खाद्य सम्प्रभुतामा नराम्रो असर परेको मानिन्छ ।

[६] जस्तै एण्टिडम्पिङ डयूटीज, काउण्टरभेलिङ डयूटिज, इमर्जेन्सी सेफगार्ड्स, स्पेसल सेफगार्ड आदि तरिकाबाट अत्यधिक बढेको आयातलाई रोक्न सकिन्छ ।

डब्लुटीओ अन्तर्गत रहेर दिन मिल्ने अनुदान पनि दिन सकिएको छैन भनिन्छ । तर बहुराष्ट्रिय कम्पनीविरुद्ध डब्लुटीओमा कानूनी उपचार गर्दा धेरै खर्च लाग्ने भएकोले साधारणतः विकासशील राष्ट्रहरू मारमा परिराख्ने र प्राप्त हुने भनिएका सुविधा वा प्रावधानबाट फाइदा लिन नसक्ने स्थितिमा रहन्छन् ।

बहुराष्ट्रिय कम्पनीको खाद्य शृङ्खलामा नियन्त्रण गर्दा खाद्यवस्तुको गुणस्तर बिग्रने सम्भावना पनि उत्तिकै रहन्छ । नेपालको खाद्य ऐन २०४९ (२०२३) र खाद्य नियमावली २०२७ ले उपभोक्तालाई सुरक्षित खाद्यवस्तु दिने उद्देश्य राखेको छ । यी नियमहरूले कम गुणस्तरका, अशुद्ध र बिग्रेका खाद्यवस्तुको बिक्री वितरण रोक्ने उद्देश्य कायम गर्छ । यसको लागि खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग खडा गरिएको छ, जसले बेलाबेलामा खाद्यपदार्थको गुणस्तर जाँच गरी कमसल खाद्यवस्तु बिक्री वितरण गर्न रोक लगाउँछ । तर यो विभाग (तथा विकासशील देशका अन्य यस्तै विभाग) ले बहुराष्ट्रिय कम्पनी वा ठूला कर्पोरेट क्षेत्रले गर्ने मिसावट वा प्रदूषणको जाँच गर्ने प्राविधिक क्षमता राख्दैनन् । जस्तैः हाल यस्ता विभागमा बहुराष्ट्रिय कम्पनीले गर्ने जैविक/रासायनिक प्रदूषणको जाँच गर्ने क्षमता र सीप छैन । तर नेपाल जस्ता देशका उत्पादनहरू विकसित देशका बजारमा लगेर बेच्न भने खाद्यसफाइसम्बन्धी नियम लगाउन सजिलो परिरहेको छ । जस्तैः नेपालको 'मह' लाई किटनाशक औषधीको मात्रा मिसिएको भनी नर्वेबाट फिर्ता पठाइएको थियो । यस्तै कारण देखाएर नेपालको 'अर्थोडोक्स चिया' युरोपबाट फिर्ता पठाइएको थियो । अन्तर्राष्ट्रिय स्तरको 'कोडेक्स' मापदण्ड[७] पूरा गर्न विकासशील देशका साना कृषकलाई पक्कै कठिनाइ पर्छ ।

बहुराष्ट्रिय कम्पनी वा विकसित देशका ठूला कम्पनीले सस्तोमा खाद्यवस्तु उपलब्ध गराउनुलाई फाइदाजनक छ भन्ने तर्क पनि गरिएको छ । कार्की, लामा र बस्नेत (सन् २००४: ८१-९७) अनुसार सस्तो पाउडर दूध भित्रिनाले नेपालमा निजी क्षेत्रका डेरी उद्योग चल्न सकेका छन् । तर यस्तो सस्तो दूध आउनाले डेरी उत्पादन व्यवसाय धराशयी हुने, मानिसहरूको रोजगार हट्ने समस्याले आम्दानी कम हुन जाँदा यसले धेरैको दूध किन्ने क्षमता नै कमजोर बनाइदिने तर्कलाई डब्लुटीओका समर्थकहरूले ध्यान नदिएको देखिन्छ । नेपालमा हाल १६६,०००

[७] खाद्यवस्तुको कोडेक्स मापदण्ड संयुक्त राष्ट्रसङ्घ अन्तर्गतका खाद्य तथा कृषि सङ्गठन र विश्व स्वास्थ्य सङ्गठनले स्थापना गरेको 'कोडेक्स अलिमेन्टारिअस कमिसन' ले विकास गरेको हो । यसमा खाद्यवस्तुको मापदण्डका साथै त्यससम्बन्धी नीतिनियम, निर्देशन आदि पर्छन् । यसको मुख्य उद्देश्य खाद्य उपभोक्ताको स्वास्थ्य सुरक्षा र खाद्यवस्तुको स्वच्छ व्यापारको सुनिश्चितताको साथै अन्तर्राष्ट्रिय स्तरमा विभिन्न सरकारी तथा गैर सरकारी क्षेत्रबाट विकास गरिएका मापदण्डहरूको संयोजनलाई विस्तार गर्नु हो ।

साना दुग्ध उत्पादक कृषकहरू विभिन्न दुग्ध उत्पादक सहकारीमा आवद्ध छन् । यहाँ सहकारीमा सदस्य नभएका दुग्ध उत्पादक किसानहरू पनि थुप्रै छन् किनभने दुग्ध उत्पादक संस्थाहरू ४५ जिल्लामा मात्र छन् । यी संस्थाहरूले वार्षिक १६ करोड लिटर दूध दुग्ध विकास संस्थान तथा अन्य डेरीहरूमा पु-याउँछन् । बाहिरबाट आयातित धुलो दूधको कारणबाट यी दुग्ध उत्पादक किसान मारमा पर्ने र रोजगारीमा कमी आउने हुन्छ । अहिले यस व्यवसायमार्फत करिब वार्षिक ३ अर्ब ८० करोड रुपियाँ सहरको पूँजी गाउँमा पुगेको छ । आयातित दूधको उपभोग बढेमा यो पैसा सहरबाट गाउँतर्फ नगई विदेशतर्फ जानेछ ।[८] यसले रोजगारी, गरिबी निवारण र जीविकोपार्जनमा नकारात्मक असर पार्नेछ ।

ठूलठूला निगमहरूले आफ्नो प्रभुत्व बढाउन बजारको प्रतिस्पर्धात्मक नियमभन्दा बाहिर गएर राजनीतिक तथा कुटनीतिक माध्यम पनि प्रयोग गर्छन् । ठूलठूला कृषि व्यापार निगमले सरकारलाई नियन्त्रण गरेका हुन्छन् । यस्ता निगमका मालिकहरू बेलाबेलामा सरकारी उच्च ओहोदामा सम्मिलित हुन्छन् र सरकारी नीति, लगानी तथा नियम कानून आफ्नो कम्पनीको फाइदा अनुकूल बनाउँछन् र सरकारी तवरबाटै अन्य देशमा (मुख्यतः विकासशील देशमा) आफ्नो निजी तथा ठूला कृषि व्यापार कम्पनीको हित अनुकूल काम गर्न दबाब दिइरहेका छन् । यस्तो दबाबअनुसार ल्याइएको परिवर्तनले अन्य विकासशील देशलाई समग्रमा बेफाइदा भइरहेको छ । तर ती देशहरूमा केही ठूला निगम वा व्यक्तिले भने केही क्षणिक फाइदा प्राप्त गरिरहेका छन् । यस्तो प्रक्रियाको परिणाम अन्ततोगत्वा साना तथा मझौला कृषि व्यवसायहरू हराउँदै जानु हो । यही कारणले गर्दा कृषि व्यवसाय शुद्ध, ताजा, स्वस्थकर खाद्यवस्तु उत्पादन गरी संस्कृति र प्रकृतिको जगेर्ना गर्ने छुट्टै पहिचान र जीवनपद्धति भएको व्यवसायबाट पूर्ण व्यापारिक र नाफामुखी व्यवसायमा रूपान्तरण हुन पुगेको छ । परिणाम कृषि व्यवसाय प्रकृति विरोधी पनि हुन थालेको छ । जब ठूला कम्पनी, विशेषतः बहुराष्ट्रिय कम्पनी, खाद्य उत्पादन गर्न अन्य देशमा पुग्छन्, तिनले त्यहाँको वातावरण वा प्रकृतिप्रति त्यति चासो राख्दैनन् । किनभने उनीहरू छोटो समयमा नाफा नहुने देखेमा त्यो ठाउँ छोडी अन्यत्र पनि जान सक्छन् । त्यस ठाउँको वातावरण बिग्रँदा उनीहरूलाई त्यति फरक नपर्न सक्दछ, किनभने

[८] यो जानकारी दुग्ध उत्पादक सहकारी सङ्घका अध्यक्ष ढाकाराम अर्यालको अन्तर्वार्तामा आधारित छ (अन्नपूर्ण पोस्ट २०६२) ।

उनीहरू त्यस ठाउँमा बस्दैनन् र त्यहाँको प्रदूषणले उनीहरूलाई सीधा असर पार्दैन ।[९]

हुन त खाद्यवस्तु उत्पादन र प्रशोधनमा ठूला कम्पनीहरूको बढ्दो संलग्नताको पछि एउटा ऐतिहासिक कारण भएको मानिन्छ । पछिल्लो विश्व युद्ध ताका र त्यसपछिको शीत युद्धको बेलामा खाद्यवस्तुलाई राष्ट्रिय सुरक्षाको रूपमा हेरिन्थ्यो । धेरै र दिगो रूपमा खाद्यान्न उत्पादन गर्न किसानहरूलाई अनुदान उपलब्ध गराइन्थ्यो । यसरी उत्पादित खाद्यवस्तुलाई सरकारले खरिद गर्ने र जम्मा गर्ने गर्दथ्यो, र यसलाई युद्धको समयमा प्रयोग गरिन्थ्यो । विश्व युद्ध ताका खाद्यवस्तुलाई प्रशोधन गरी तयारी खानाको रूपमा खाने प्रचलनको विकास भयो, ताकी युद्धमा सम्मिलित व्यक्तिहरूलाई तुरुन्तै खाना उपलब्ध गराउन सजिलो होस् । यो कुनै पोषक तत्त्वको संरक्षण वा सर्वसाधारणको फाइदाको लागि नभई केवल युद्धकालमा सजिलोको लागि गरिएको प्रयास थियो । यस्तो खाद्यवस्तु उत्पादन गर्ने निगमलाई सरकारी सहयोग र संरक्षण प्राप्त थियो । यही प्रक्रियालाई मद्दत पुऱ्याउन खेती र खाद्य प्रणालीमा औद्योगीकरणको सुरुआत भयो, जसको मुख्य उद्देश्य खाद्यवस्तुको उत्पादन बढाउनु थियो । यसले गर्दा अहिलेका विकसित देशहरूमा ग्रामीण क्षेत्रमा रहेका साना कृषकहरू विस्थापन भएर सहर प्रवेश गरी मजदुरको रूपमा काम गर्न थाले । ग्रामीण क्षेत्रको कृषिभूमि क्रमशः ठूला कम्पनीहरूको नियन्त्रणमा सर्दै गयो । यी ठूला कम्पनीको विस्तार अरू देशमा पनि हुन थाल्यो- ठूलो बजार कब्जा गरी धेरै नाफा कमाउन । यो प्रक्रियामा ती देशका सरकारले ठूला कम्पनीलाई सहयोग पुऱ्याउँदै आएका छन् । बजारलाई नियन्त्रण गर्ने क्रममा एवं कृषि र खाद्यवस्तु उत्पादनमा एकाधिकार कायम गर्न ठूलठूला कम्पनीहरू अझै लागि परिरहेका छन् । उनीहरू अहिले पनि साना निगमहरू खरिद गर्ने प्रक्रियामा जुटेका छन् जसलाई वास्तवमा 'घेरा हालेर समात्ने' प्रक्रिया भनी बुझिन्छ ।

तयारी वा सुविधाजनक खाद्यवस्तु (विशेषतः बहुराष्ट्रिय कम्पनीबाट उत्पादित) लाई सफा, प्रदूषणरहित र स्वस्थकर भन्ने आमधारणाको विकास गरिएको छ, जुन भ्रामक छ । वास्तवमा ठूला कम्पनीका खाद्यवस्तु कति स्वस्थ छन् भन्ने जानकारी आम उपभोक्तालाई हुँदैन र कतिपय अवस्थामा परीक्षण गर्न पनि सकिँदैन । उदाहरणको लागि, अहिले ठूला कम्पनीले उत्पादन गर्ने हल्का पेय

[९] उदाहरणको लागि 'तयारी पोसाक' उद्योगलाई लिन सकिन्छ । यी उद्योगहरू जुन ठाउँमा 'मजदुर युनियन' बलियो बन्दै गइरहेको छ, ती ठाउँ छोडेर यस्ता 'युनियन' सम्बन्धी नियम कमजोर भएको ठाउँमा स्थानान्तरण भइरहेका छन् ।

पदार्थ लगायत अन्य तयारी खाद्यवस्तुमा अनुवंश परिवर्तन गरिएको मकै र भटमासबाट एसिडको प्रयोग गरी स्टार्च झिकेर बनाइएको चिनीजस्तो गुलियो वस्तु प्रयोग हुन्छ । यस्ता स्टार्चलाई विभिन्न रासायनिक प्रक्रियाबाट सिरप बनाइन्छ र त्यो सिरपलाई चिनीको रूपमा प्रयोग गरिन्छ जसले मोटोपन र मधुमेह बढाउनुका साथै तथा कलेजोमा नराम्रो असर पुऱ्याउँछ । यस्तो स्टार्च प्रयोग गरिएको खानाले निद्रा र अल्छिपन पनि बढाउँछ । यस्तो लक्षण हटाउन यो स्टार्च प्रयोग भएको वस्तुमा फ्रुक्टोज भन्ने अर्को रासायनिक वस्तु राखिन्छ । यी सबै रासायनिक तत्त्वले शरीरमा विभिन्न असर देखाउन सक्छन् ।

यस्तो गुलियो पदार्थको उत्पादन र बिक्री वितरणमा अनुवंश परिवर्तित भनेर सार्वजनिक जानकारी नदिनु अनैतिक हो । थप माथिको उदाहरणको गतिविधिले उखु उत्पादकलाई निरुत्साहन गर्छ । आखिर प्राकृतिक रूपमै उखु उत्पादन गरेर सम्पूर्ण आवश्यकता पूरा गर्न सकिने अवस्था हुँदाहुँदै अनावश्यक रासायनिक प्रक्रियाबाट किन खाद्यवस्तु उत्पादन गरिन्छ, त्यो पनि अस्वस्थकर ? ठूला कम्पनीबाट उत्पादित अनुवंश परिवर्तन गरिएको मकै अर्को उदाहरण हो, जसले वातावरण तथा मानवीय स्वास्थ्यमा हानी पुऱ्याउन सक्छ । दातृ संस्थामार्फत गरीब देशमा यसको वितरण तीव्र भएको पाइन्छ । अहिले खाद्य सुरक्षाको अभाव झेलिरहेका अफ्रिकी देशहरूमा दातृ संस्थामार्फत यस्तो मकै वितरण गरिन्छ । यस्तो वितरण गर्न नमान्ने संस्थालाई धनी देशहरूले, विशेषतः संयुक्त राज्य अमेरिकाले दबाब दिएका उदाहरण पनि भेटिन्छन् । स्कूलहरूमा दिइने खानामा समेत ठूला र बहुराष्ट्रिय कम्पनीले हात हालेका छन् । यसबाट ती कम्पनीहरू आफ्नो खानाको विज्ञापन गर्नको साथै सरकारले समाजसेवाको नाममा दिने खर्चको धेरै मात्रा पनि ओगट्न सफल भएका छन् ।

## १.५ नयाँ खाद्य संस्कृति र लैङ्गिकसम्बन्ध

माथिको छलफलबाट खाद्य संस्कृतिमा परिवर्तन आएको तथा यसको मुख्य कारण खाद्य शृङ्खलालाई कर्पोरेट क्षेत्रले नियन्त्रण बढाएकोले हो भन्ने बुझिन्छ । खाद्य संस्कृतिमा मुख्य दुई तरिकाले परिवर्तन आएको छ । पहिलो, खाद्यपदार्थ तयारी रूपमा (पुरियाबन्द) भएर बजारमा आउनु । दोस्रो, मुख्यतः सहरी क्षेत्रमा खानेकुरा खान रेष्टुरेन्टमा जाने प्रचलन बढ्नु । हुन त यस अध्ययनले पहिलो प्रकारको परिवर्तनलाई समेटेको छ । तैपनि यी दुवै प्रकारका परिवर्तनले लैङ्गिक सम्बन्धलाई असर पारेको छ ।

परम्परागत रूपमा खाना बनाउने तथा खाने काम निजी (घरभित्र) वृत्तमा सीमित थियो । यो जिम्मा मुख्यतः महिलामाथि थोपरिएको हुन्थ्यो । यो प्रचलनले महिलाको कार्य बोझ र अन्य शोषण धेरै भएको थियो भन्ने तर्क छ । तैपनि यस कामबाट महिलाले

एक प्रकारको महत्त्व, इज्जत र घरपरिवारको निर्णयमा अधिकार पनि पाएका थिए । उनीहरूले खान बनाउने, पकाउने सीप प्राप्त गर्ने र यसलाई निरन्तरता दिँदै आएका थिए । तर अहिलेको परिवर्तनले (मुख्यतः तयारी खानेकुरा खाने प्रचलन बढ्दा, रेष्टुरेन्टमा गएर खाँदा वा कर्पोरेट क्षेत्रबाट उत्पादित पुरियाबन्द तयारी खानेकुरा खाँदा) यो निरन्तरताको क्रम अवरुद्ध हुन्छ । फलस्वरूप महिलाहरूको सीप हराउँदै जाने तथा उनीहरूको परम्परागत भूमिका वा महत्त्वमा कमी आउन सक्ने सम्भावना बढ्ने देखिन्छ । महिलाको यस्तो भूमिकामा कमी आउनु राम्रो हो वा होइन भनेर दुवै पक्षबाट तर्क बितर्क गर्न सकिएला । यस्तो परम्परागत भूमिकाको साटो महिलाले सार्वजानिक वृत्तमा क्रमशः नयाँ स्थान र भूमिका प्राप्त गर्दै गएमा सायद यो परिवर्तन सकारात्मक, प्रगतिशील र सशक्तीकरणमा सहयोगी हुन सक्छ । यदि यस्तो नयाँ मौका पनि प्राप्त नहुने र परम्परागत भूमिका पनि नष्ट हुने हो भने परिवारमा महिलाको स्थानको समस्या टड्कारो रूपमा बढ्न सक्छ । कृषिमा भएको हरित क्रान्तिपछि पनि यस्तै अवस्था देखिएको थियो । हरित क्रान्तिले महिलाको परम्परागत कृषि ज्ञानलाई प्रयोगहीन बनाइदियो । अन्य क्षेत्रमा पनि क्रमशः उनीहरूको भूमिका बढेन । यसले महिलाको आर्थिक भूमिकालाई कमजोर मात्र बनाएन 'छोरी' पाउनुको महत्त्वलाई नै घटायो । यही समय पारेर 'भ्रूणको लिङ्ग' छुट्ट्याउने प्रविधिको विकास भई व्यवहारमा समेत आउँदा 'स्त्री भ्रूण' लाई नष्ट बनाउने प्रचलन बढेको थियो । जसले गर्दा पुरुषको तुलनामा महिलाको जनसङ्ख्या क्रमशः घट्दै गयो ।[१०] हरित क्रान्ति सफल भई आर्थिक प्रगति भएका भनिएका

[१०] अमर्त्य सेनले घरभित्रको स्रोतको पहुँच तथा स्वास्थ्य सेवा र खाद्यवस्तुको वितरणमा भएको असमानताले गर्दा भारतमा मात्र करिब ४ करोड महिला हराएको (तथ्याङ्कमा कम देखिएको) तथ्य करिब पन्ध्र वर्ष अगाडि नै प्रस्तुत गरेका थिए (सेन सन् १९९९: १०४-१०७) । महिलाको साधारणतः बढी बाँच्ने क्षमता (जुन तुलनात्मक रूपमा यस्तो विभेद कम भएको मानिने युरोपका केही देशमा देखिन्छ) को आधारमा यो अन्दाज गरिएको हो । नेपालमा पनि यो तथ्य लागू हुन्छ, किनभने सेनले अध्ययन गरेको संस्कृतिसँग यहाँको संस्कृति पनि मिल्दोजुल्दो छ । यो महिलाको सङ्ख्या हराउने नतिजा त्यति खेर देखिएको हो जब महिलाले घरभित्रको केही आर्थिक भूमिका (विशेषगरी खेतीपाती र खानासम्बन्धी) क्रमशः गुमाउँदै गएका थिए । सन् १९९७/९८ मा जन्मेका केटाकेटीको तथ्याङ्कको आधारमा गरिएको एक अर्को अध्ययनले गत दुई दशकमा भारतमा एक करोड महिला हराएको (अर्थात् भ्रूणहत्याबाट नजन्माएको) तथ्य देखाएको छ । यस अध्ययनले पहिलो बच्चा छोरी भएको परिवारमा छोरी-छोरा अनुपात ७५९ र १००० भएको र पहिलो दुई बच्चा छोरी भएको परिवारमा सोही अनुपात ७१९ र १००० भएको देखाएको छ । त्यस्तै प्रकारले पहिलो वा अगाडिको बच्चा छोरा भएको परिवारमा छोरी-छोराको अनुपात बराबर भएको देखाएको छ । अध्ययन गरिएको वर्षमा भारतमा एक करोड ३६ लाखदेखि एक करोड ८० लाखसम्म छोरी जन्मनु पर्ने अनुमान भएकोमा जम्मा एक करोड ३१ लाख छोरी जन्मेको देखिन्छ जसको अर्थ हुन्छ वर्षमा कम्तीमा ५ लाख छोरीहरू जन्माइएन । यो चलन विशेषतः पढे-लेखेको परिवारमा देखिएको छ (द काठमाण्डू पोस्ट सन् २००६) ।

भारतका पन्जाब र हरियाणा राज्य यसका सशक्त उदाहरण हुन् । यतिमात्र नभई अर्कोतिर कर्पोरेट क्षेत्र र बहुराष्ट्रिय कम्पनीले बजारमा उपलब्ध गराउँदै आएका तयारी खानेकुराको माग पनि बढ्दै छ । यसले महिलाको आर्थिक र सामाजिक भूमिकामा अरू नकारात्मक प्रभाव ल्याउने र उनीहरूलाई महत्त्वहीन बनाउन सक्ने प्रशस्त सम्भावनाहरू देखिएका छन् । माथि उल्लिखित कृषि क्रान्ति सफल भएको क्षेत्रको अनुभव बहुराष्ट्रिय कम्पनी र कर्पोरेट क्षेत्रको तयारी खाद्यवस्तु प्रयोग गर्ने ठाउँमा पुनः दोहोरिन सक्ने सम्भावना छ ।

तयारी खाद्यवस्तु महङ्गो र अपौष्टिक हुने कारणले गर्दा परम्परागत खाद्यवस्तुको पूर्ण विस्थापन हुने देखिँदैन । यसबाट केवल महिलाको कार्यबोझमा थप भार पर्ने देखिन्छ । बजारमा उपलब्ध पुरियाबन्द खाद्यवस्तु यिनले दिने पौष्टिक तत्त्वको तुलनामा महङ्गा पनि छन् । कतिपय तयारी खानेकुराहरूले विभिन्न भिटामिन जस्ता शरीरलाई आवश्यक पर्ने सुक्ष्म तत्त्वहरू धेरै कम दिन्छन् । तयारी खानेकुरामा भर पर्दा यिनीहरूको गुणस्तरको अनुगमन गर्ने व्यवस्था नभएकोले केटाकेटी लगायत अन्य व्यक्तिको स्वास्थ्यमा नकारात्मक असर पर्न सक्छ र परिरहेको छ ।[११] यसरी परिवारको सदस्य, विशेषतः केटाकेटीको स्वास्थ्यमा असर पर्दा महिलालाई पनि मानसिक बोझ र कार्यभार थपिन्छ (हेर्नुहोस् उप्रेती २०५६) । यससम्बन्धी विस्तृत वर्णन पछिल्ला अध्यायमा गरिएको छ ।

तयारी खानेकुराको बढ्दो प्रभावले पुरुषको प्रभुत्व अझ बढ्ने सम्भावना देख्न सकिन्छ । कारण, यसबाट खाद्यवस्तु र यसको तयारी प्रक्रियासम्बन्धी महिलाको नियन्त्रण क्रमशः घटेको छ । बजारमा उपलब्ध खाद्यवस्तु किन्न विशेषतः पुरुषको सहभागिता हुन्छ, किनभने अझै पनि धेरै परिवारमा घर बाहिरको वृत्त पुरुषको जिम्मेवारीमा पर्दछ । बजारमा तयारी खाद्यपदार्थ किन्नको लागि नगद आम्दानीको आवश्यकता पर्छ, जुन अहिलेको सन्दर्भमा पुरुषकै भागमा हुन्छ । यसकारण घरायसी अर्थतन्त्रमा भएको सानो नियन्त्रण पनि महिलाले क्रमशः गुमाउँदै गएको अनुमान गर्न सकिन्छ । तर यससम्बन्धी वस्तुगत स्थिति के छ भनेर थाहा पाउन जरुरी हुन्छ ।

---

[११] नेपालमा खाद्यवस्तुको राम्रो अनुगमन नभएको प्रस्ट देखिन्छ । यससम्बन्धी अनुगमन गर्ने संस्थामा मुख्यतः केन्द्रीय खाद्य अनुसन्धानशाला पर्दछ । यस संस्थाले गरेको अध्ययनमा पनि कमसल खालका खाद्यवस्तु बजारमा आएको देखाउँछ तर यसलाई नियन्त्रण गर्ने काम भने भएको छैन । जस्तैः यस कार्यालयले २०५९/०६० मा अध्ययन गरेको खाद्यवस्तुको नमूनामा काठमाडौँका १०.२ प्रतिशत र काठमाडौँबाहिरका १०.६ प्रतिशत नमूनामा गुणस्तर नपुगेको पाएको थियो । मुख्यतः घ्यू (६७%) र वनस्पति घ्यू (५८%) मा कम गुणस्तर भेटिएको थियो (डिएफटिक्यूसी सन् २००३) ।

**बक्स नं. १.१: केही बदलिँदो भोजन संस्कृतिका उदाहरणहरू**

- पहिले पहिले बच्चालाई ६ महिनाको भएपछि वा पास्नीपछि आमाको दूधसँगै लिटो खुवाउने चलन थियो । अहिले त्यो ठाउँ सेरेलेक वा अन्य डब्बाको बेबी फुड्सले लिएको छ ।
- पहिले घरमा पाहुना आउँदा खाजाको रूपमा सहरी क्षेत्रमा रोटी, मालपुवा र गाउँघरमा मकै, भटमास र मोही खुवाउने चलन थियो । अहिले दुवै ठाउँमा उक्त खाजा चाउचाउ, बिस्कुट र कोकमा परिणत भएको छ ।
- बच्चाहरूको खाजामा भुटेको भात, मालपुवा, भुटेको च्यूरा, चना, बदाम, आलु, रोटी हुन्थ्यो भने अहिले चाउचाउ, चिप्स वा अन्य तयारी खाद्यवस्तुको प्रयोग प्रचूर मात्रामा हुने गरेको छ ।
- पहिले बिरामी हुँदा वा बिरामीबाट उठेपछि खुट्टीको रस, परवर र विभिन्न थरीका तरकारीको रस, जाउलो, अण्डा खुवाउने चलन थियो भने अहिले फ्रुटी, चाउचाउ, हर्लिक्स, बोर्नभिटा, मिलो आदि प्रयोग हुने गरेको छ ।
- यात्रामा वा पिकनिकमा जाँदा प्रयोग हुने रोटी र चना, आलु, खजुरी, मालपुवाको ठाउँमा आज सबैलाई तयारी खानाले उछिनेको छ ।
- सुत्केरीलाई पहिलपहिले जेरी, गुदपाक, ज्वानोको रसजस्ता पौष्टिक खाद्यपदार्थ खुवाइन्थ्यो । तर आज तिनको ठाउँ हर्लिक्स र चाउचाउले लिएका छन् । यतिसम्म कि बच्चाहरूको जन्मदिनमा उपहार पनि अब म्याङ्गो फ्रुटी, चाउचाउ वा चकलेट हुन थालेका छन् ।

स्रोत: उप्रेती (२०५६: ७१)

अहिलेसम्म तयारी खानेकुराले महिलालाई सहयोग पुऱ्याउने पक्षमा उनीहरूको समयको वचत र धुवाँ धूलोबाट केही समयको लागि छुटकारा पाउँछन् भन्ने हो । तर तयारी खानेकुराको प्रचलनले उनीहरूको समय वचत भएकै हो भन्ने प्रमाण अहिलेसम्मका कुनै अध्ययनले दिएको पाइँदैन । तयारी खानेकुरा पूर्ण रूपमा प्रयोग गर्दा त यसले खाना तयार गर्न लाग्ने समय बचाउला । सहरी क्षेत्रमा प्रचलित पाउरोटी, बिस्कुट, चाउचाउ आदि पकाउन नपर्ने, पकाए पनि कम समय लाग्ने र सजिलो हुने हुनसक्छ । तर नेपाली समाजमा पूर्ण रूपमा तयारी खानेकुरा मात्र प्रयोग भएको छैन । यसै अध्ययनले पनि के देखाउँछ भने धेरै परिवारले तयारी र घरमा बनाउनु पर्ने दुवै किसिमका खानेकुरा मिश्रित रूपमा प्रयोग गर्दै आएका छन् । अर्थात् खानेकुरा बनाउने झन्झटबाट महिलाले पूर्ण छुट पाएका भने छैनन् । यस सन्दर्भलाई ध्यान दिँदा तयारी खानाले महिलाको समय कसरी बचावट भएको छ, यो बचेको समय कसरी प्रयोग भएको छ, यसले उनीहरूको सशक्तीकरण र आर्थिक, सामाजिक, राजनीतिक सक्रियतामा सघाएको छ कि छैन भनी विस्तृत अध्ययनबिना कुनै प्रस्ट निष्कर्ष निकाल्न गाह्रो छ । यस अध्ययनबाट पनि महिलालाई तयारी खानेकुरा उपलब्ध हुँदा खासगरी खाजा बनाउने झन्झट अलिकति कम भएको भन्ने निष्कर्ष भने आएको छ । यदि समयमा बचत भएकै हो भने पनि तयारी खानेकुराको प्रयोगका अन्य असरहरू जस्तै: कुपोषण वा स्वास्थ्य समस्याको कारणले हुने मानसिक तनाव, आर्थिक बोझ, खानाको सामाजिक महत्त्वमा आउने कमी, स्वास्थ्यमा नकारात्मक

असर र यसले लिने थप समय आदि सबैलाई ध्यान दिँदा के यो बचत साँच्चै नै हुन्छ त भन्ने प्रश्न पनि छ । तर जे भए पनि अहिले खाजाको रूपमा चाउचाउ र बिस्कुट नै बढी प्रचलित छन् । परम्परागत रूपमा प्राप्त हुने खाजाहरू क्रमशः हराइरहेका छन् । गाउँघरमा पनि खाजाको रूपमा प्रयोग हुने गिट्टा, भ्याकुर, वन तरुल तथा अन्य अनाज क्रमशः प्रयोगविहीन भएका छन् भने नयाँ पुस्तामा यस्ता चिजहरू पनि उपभोग्य हुन्छन् भन्ने कुराको ज्ञान समेत क्रमशः हराउँदै गएको छ । यिनीहरू कुन तरिकाले तयार गर्ने तथा खाने गर्नुपर्छ भन्ने जानकारी लोप हुँदैछ ।

नेपाल लगायत दक्षिण एसियामै महिलाको खाद्य सुरक्षा (साथै अन्य सुरक्षा) सम्बन्धी समस्या घरभित्रै हुने विभेद र शोषणबाट सुरु हुन्छ भन्ने भनाइ तथ्यको रूपमै स्थापित भएको छ ।[१२] यस्तो विभेद कसरी घटबढ हुन्छ भन्नेबारेको अध्ययन जटिल छ, जुन यहाँ समेट्न सकिएको छैन । यसको लागि गुणात्मक सूचनाहरू सङ्कलन तथा त्यसमा थप छलफल आवश्यक पर्छ जुन यस अध्ययनको क्रममा सम्भव भएन । तर यस अध्ययनबाट प्राप्त केही नतिजाअनुसार कर्पोरेट क्षेत्रका तयारी खाद्यवस्तु अत्यधिक खपत गर्दा घरभित्र हुने विभेद बढ्न सक्ने सम्भावनाको अड्कल काट्न सकिन्छ ।

कृषिमा कर्पोरेट क्षेत्रको नियन्त्रण बढ्दै जाँदा महिलाको ज्ञानको सदुपयोग नहुने र उनीहरूको आर्थिक नियन्त्रण कमजोर हुने तर्क अगाडि नै गरिएको छ, जसले खाद्य-सुरक्षामा नकारात्मक असर पर्छ । महिलाले आफ्नो नियन्त्रणमा भएको स्रोतको करिब ९०-१०० प्रतिशत खर्च पारिवारिक आवश्यकतामा (मूलतः खाद्यवस्तु र स्वास्थ्यमा) लगाउँछन् भने पुरुषले जम्मा ७५ प्रतिशत मात्र (अग्रवाल सन् १९९८: २९) । घरमा आमाको आम्दानी र केटाकेटीको स्वास्थ्यबीच सोझो सकारात्मक सम्बन्ध भएको अध्ययनहरूले देखाएका छन् (हेर्नुहोस् अग्रवाल सन् १९९८: २९) । खाद्यलगायतका क्षेत्रमा कर्पोरेट संसारको व्यापकता ठूलठूला सहरमा केन्द्रित हुन्छ । यस्तो परिवर्तनले सृजना गर्ने अवसर पनि सहरमा बढी उपलब्ध हुने र पुरुषकै पहुँचमा बढी हुन्छ, किनभने उनीहरूलाई घर छोड्न सजिलो हुन्छ । अहिले ग्रामीण क्षेत्रमा पनि यसका असरहरू देखा परिरहेका छन् । ग्रामीण क्षेत्रमा महिला, केटाकेटी र बुढाबुढीको बाहुल्य छ । यी परिवर्तनहरूले गर्दा र स्रोत एवं घरायसी अर्थतन्त्रमा महिलाको पकड कम हुँदै जाँदा अमर्त्य सेनले भनेको 'महिलाको सङ्ख्या हराउने' सम्भावना बढ्छ । यद्यपि यो भनाइ अर्को अध्ययनको आधारमा गरिएको परिकल्पना मात्र हुन सक्छ, जसको पुष्टिको लागि थप अनुसन्धान आवश्यक पर्छ ।


---

[१२] कुनै कुनै जाति/जनजाति वा शिक्षित समूहभित्र यस्तो विभेद नहुन पनि सक्छ, तर दक्षिण एसियामा घरभित्रको लैङ्गिक विभेदलाई मुख्य समस्याको रूपमा हेरिन्छ ।

## १.६ अध्ययनको अवधारणागत संरचना

कर्पोरेट क्षेत्रले खाद्य उत्पादन, प्रशोधन, बिक्री-वितरण, ढुवानी तथा उपभोगको शृङ्खलालाई कसरी पकडमा राख्छ, यसले थप के के परिवर्तन ल्याउन सक्छ, कुन समूह, वर्ग, क्षेत्र आदिलाई फाइदा पुग्छ, कृषि उत्पादन तथा खाद्यसुरक्षामा के प्रभाव पर्न सक्छ भन्नेबारे माथि पनि केही विवरण प्रस्तुत गरियो । त्यसै विवरणको आधारमा यस अध्ययनलाई डोऱ्याउन दुई अवस्थाको एउटा अवधारणा प्रस्तुत गरिएको छ । यसले माथिका प्रश्नहरूलाई सारांशमा बुझ्न मद्दत गर्नेछ ।

*(क) 'परम्परागत' खाद्य शृङ्खला (बहुराष्ट्रिय निगम/अन्य कर्पोरेट क्षेत्रको प्रभाव नभएको अवस्था)*





**विभिन्न तहमा संलग्नता:**

१. धेरै उत्पादक र उत्पादनमा उत्पादक/किसानको नियन्त्रण
२. धेरै प्रशोधक
३. धेरै बिक्री वितरक
४. स्थानीय बजारको नियन्त्रण स्थानीय स्तरमा

**खाद्यवस्तुको अवस्था:**

१. स्थानीय उत्पादन भएकाले ताजा हुने सम्भावना बढी भएको
२. कम प्रशोधित
३. घरमा तयार गर्नुपर्ने वा बढी प्रशोधन आवश्यक
४. लामो समयसम्म बिग्रन नदिने पदार्थको प्रयोग बिल्कुलै नभएको वा एकदमै सानो मात्रामा मात्र भएको ।
५. पौष्टिकता जोगिएको
६. मूल्य कम पर्ने
७. खाद्य उपभोगमा विविधता कायम हुने र खाद्य संस्कृति जोगिने ।

## (ख) 'आधुनिक' खाद्य शृङ्खला (बहुराष्ट्रिय निगम/अन्य कर्पोरेट क्षेत्रको प्रभाव भएको अवस्था)




* मुख्य बहुराष्ट्रिय निगमहरूमा वालमार्ट (Walmart), केरफर (Carrefour), अहोल्ड टेस्को (Ahold Tesco), म्याकडोनाल्ड (Mc Donald), सिएफ्सि (CFC)

** मुख्य बहुराष्ट्रिय निगमहरूमा माइनुट मेड (Minute Maid), कोकाकोला (Coca Cola), ट्रोपिकाना (Tropicana), पेप्सीकोला (Pepsi Cola), कारगिल (Cargill), म्याकडोनाल्ड (Mc Donald)

*** मुख्य बहुराष्ट्रिय निगमहरूमा कारगिल (Cargill), ड्रेफस (Dreffus), क्यूट्रेल (Cutrale), सिट्रोसुको (Citrosuco)

**विभिन्न तहमा संलग्नता :**

१. विज्ञापनमार्फत बहुराष्ट्रिय निगम तथा अन्य ठूला सङ्गठित व्यापारिक समूह (कर्पोरेट क्षेत्र) ले चाहे अनुसारको उपभोग गर्ने बानी विकास गर्ने
२. उत्पादन, बिक्री वितरण तथा प्रशोधनमा बहुराष्ट्रिय निगम तथा उनीहरूद्वारा समर्थित कर्पोरेट क्षेत्रले नियन्त्रण गर्ने
३. कृषकहरूको सङ्ख्या कम र भएको खेती किसानीमा पनि कर्पोरेट क्षेत्रको नियन्त्रण र प्रभाव ।

**खाद्यवस्तुको अवस्था:**

१. खाद्यवस्तु लामो समयसम्म टिक्ने तथा टाढासम्म पुग्ने गरी तयार गरिने
२. अति प्रशोधित
३. तयारी वा घरमा थप प्रशोधनको कम आवश्यकता
४. धेरै खर्च प्याकेजिङ तथा विज्ञापनमा लाग्ने
५. खर्च अनुसार पोषण कम पाइने
६. खाद्यवस्तु कुहिनबाट जोगाउने पदार्थ तथा अन्य रसायनको बढी प्रयोग
७. परम्परागत खानेबानी तथा स्थानीय भोजन संस्कृतिमा उल्लेख्य परिवर्तन आउने
८. स्थानीय उत्पादन, प्रशोधन तथा बिक्री वितरण गर्ने उद्योग, व्यवसायी र किसानको आय आर्जन घट्ने वा रोजगारी गुम्ने वा विस्थापित नै हुने बढी सम्भावना ।

यी दुई अवस्था तलका दुई चित्रमा देखाइएको छ । पहिलो चित्रमा कर्पोरेट क्षेत्र कत्ति पनि उपस्थिति नहुँदाको अवस्था जनाउन खोजिएको छ भने दोस्रो चित्रमा कर्पोरेट क्षेत्रको पूर्ण नियन्त्रण भएको अवस्था देखाउन खोजिएको छ । सँगै त्यस्तो खाद्य शृङ्खलामा कसको कस्तो उपस्थिति हुन्छ र त्यसले खाद्यसुरक्षामा कस्तो असर पार्न सक्छ भन्नेबारे बुँदाहरू दिइएको छ । यी दुई अवस्था वास्तविक नभएर काल्पनिक हुन्, किनभने अहिलेको संसारमा कुनै पनि समाज पूर्ण रूपमा कर्पोरेट क्षेत्रबाट वञ्चित वा नियन्त्रित भएको नहोला । हरेक समाजमा यी दुई अवस्था मिश्रित हुन्छ, कुनैमा एउटाको अंश बढी त कुनैमा अर्कोको । वास्तवमा यी दुई अवस्था कर्पोरेट प्रभावको आधारमा दुई ध्रुवको कल्पना हो, जसको बीचमा निश्चित समयमा कुनै पनि समाज रहन्छ । तर समयअनुसार समाजको त्यो स्थितिमा परिवर्तन आइरहेको हुन्छ । अहिले नेपाली समाज पहिलो अवस्थाको नजिक छ भने उत्तर अमेरिकी समाज दोस्रोको । अधिकांश समाज पहिलो स्थितिबाट नव उदारीकरण नीति र विश्वव्यापीकरणको प्रक्रिया ग्रहण गर्दै दोस्रो स्थितितिर बढ्दै गइरहेको छ । यसको गति माथिका दुई नीतिगत परिवर्तनको तीव्रतामा भरपर्छ ।

पहिलो कर्पोरेट क्षेत्रबाट मुक्त स्थिति हेर्ने हो भने किसान र उपभोक्ता समानस्तरका र एक आपसमा सीधै सम्पर्कमा हुन्छन् । यस्तो अवस्थामा कतिपय किसान उपभोक्ताको रूपमा हुन्छन् र उपभोक्ता पनि किसानको रूपमा । सानो बजारको माध्यम (उदाहरणको लागि हाटबजार) ले उनीहरू एकआपसमा सीधै किनबेच गर्न सक्छन् । यहाँ किसानको सङ्ख्या पनि अधिक हुन्छ किनभने सबैले स-सानो स्तरमा उत्पादन गर्छन् र उपभोगपछि बचेको लाई बेच्न पनि । धेरै व्यापारीहरू कृषि तथा खाद्य उत्पादनलाई खाद्य शृङ्खलाको अन्य तहमा लैजान सक्रिय हुन्छन् । यसको लागि धेरै व्यापारीहरू आवश्यक पर्ने भएकाले उनीहरूको बिक्री वितरणको स्तर पनि सानो र सीमित हुन्छ । उनीहरू यस्तो बिक्री सीधै उपभोक्तासम्म पुऱ्याउन सक्छन् जसमा केही थोक बिक्रेता र धेरै खुद्रा बिक्रेता सम्मिलित हुन्छन् । यस अवस्थामा केही खाद्य उद्योगहरू खाद्य प्रशोधनको लागि स्थापित हुन सक्छन्, तर उनीहरूको पनि स्तर सानो हुन्छ । यसरी प्रशोधित खाद्यवस्तु व्यापारीमार्फत वा सीधै उपभोक्ता कहाँ लैजानुपर्ने आवश्यकता पर्छ । खाद्य प्रणालीको यस अवस्थामा उत्पादित खाद्यपदार्थ छोटो समयमै उपभोक्ता कहाँ पुग्छ र यसको भौगोलिक फैलावट सीमित हुन्छ । अर्थात्, जहाँ उत्पादित हुन्छ त्यहींको वरिपरि यस्तो खाद्यवस्तु सीमित रहन्छ । यसले गर्दा जहाँ जे उत्पादन हुन्छ त्यहाँ त्यही उपभोग हुन्छ ।

कर्पोरेट नियन्त्रण नरहेको अवस्थामा खाद्य उत्पादन, प्रशोधन, बिक्री वितरणमा धेरै व्यक्तिको संलग्नता र नियन्त्रण हुन्छ । यस्तो खाद्यपदार्थ स्थानीय बजारमै खपत हुन्छ । स्थानीय बजारमा बाहिरको नियन्त्रण नहुँदा स्थानीय उत्पादनले प्रतिकूलता भोग्नुपर्दैन । यस्तो अवस्थामा खाद्य सुरक्षाको स्थिति राम्रो हुन्छ । माथि चित्रसँगै दिइएका बुँदाबाट पनि यो प्रस्ट हुन्छ । खाद्यवस्तु ताजा हुँदा एवं रसायनको प्रयोग कम हुने हुँदा स्वस्थकर रहने सम्भावना बढी हुन्छ । यस अवस्थामा खाद्यवस्तुको बिक्री वितरण प्रायः स्थानीय समुदाय वा बजारमा सीमित हुने भएकोले उपभोगको लागि पुग्ने खाद्यपदार्थ (वा अन्य साटफेर गर्न सकिने वस्तु) उत्पादन गर्नु आवश्यक हुन्छ । अर्कोतर्फ खाद्य आपूर्तिको लागि पनि यस्तो खाद्य शृङ्खलाले मद्दत पुऱ्याउन सक्छ ।

कर्पोरेट क्षेत्रको पूर्ण नियन्त्रित अवस्था दोस्रो चित्रमा देखाइएको छ । माथिनै भनियो, अहिले संसारभरका समाजहरू यो अवस्थातिर लम्किरहेका छन् । चित्रमा देखाइए जस्तै यस अवस्थामा बहुराष्ट्रिय निगम र अन्य कर्पोरेट निकायहरू खाद्य शृङ्खलाको केन्द्रमा हुन्छन्, जसले खाद्य उत्पादन, भण्डारण, ढुवानी, प्रशोधन तथा खाद्य बजार सबैमा प्रभाव जमाएका हुन्छन् । मिडिया, विज्ञापन, प्रविधि, राजनीति आदिको सहायताबाट यस्तो प्रभाव र पकड कसिँदै जान्छ । साना र मझौला कृषकहरू, जो पहिलो अवस्थामा केन्द्रमा थिए र उत्पादनलाई आफ्नो नियन्त्रणमा लिन सक्थे, यस अवस्थामा सानो ठेक्का किसानमा रूपान्तरण हुन पुग्छन् । परिणाम, कर्पोरेट क्षेत्रले दिएको बीउ, मल, बिषादि, प्रविधि आदि प्रयोग गरेर उनीहरूले चाहेको वस्तु उत्पादन गर्छन्, जुन स्थानीय आवश्यकताअनुसार नहुन पनि सक्छ । आफ्नो स्थानीय आवश्यकताअनुसार नभएको खण्डमा उत्पादन बजारको नियन्त्रणमा पुग्छ र यसमा आउने उतारचढावले साना कृषकहरू ऋणमा डुब्ने सम्भावना बढ्छ । साधारणतः बहुराष्ट्रिय कम्पनी वा कर्पोरेट क्षेत्र नियन्त्रित बजारमा राम्रो प्रतिस्पर्धा पनि हुन सक्दैन । यी कम्पनीको नीति तथा व्यवहारले गर्दा किसानहरूले बेच्ने उत्पादनको मूल्य बेलाबेलामा निकै तलमाथि पारिन्छ, जसले कृषकहरू चेपुवामा पर्छन् । बहुराष्ट्रिय कम्पनीलाई आवश्यक पर्ने खाद्यवस्तु उत्पादन गर्दा र बिक्री गर्दा विभिन्न व्यवधान पनि तेर्स्याइन्छन् । जस्तैः गुणस्तर वा समयसीमा आदि । यही कारण भारत लगायत अन्य देशमा कृषकहरूले बेलाबेला आत्महत्या गर्नुपर्ने स्थिति आएको हो ।

बहुराष्ट्रिय निगम तथा अन्य कर्पोरेट क्षेत्रले उत्पादित वस्तु किन्ने, ढुवानी गर्ने, भण्डारण गर्ने, प्रशोधन गर्ने तथा थोक वा खुद्रा बिक्री गर्ने सम्पूर्ण कार्यमा हात फिँजाएका हुन्छन् । परिणामस्वरूप यी सबै प्रक्रिया थोरै तथा ठूला कम्पनीको

नियन्त्रणमा हुन्छ । यसले गर्दा वस्तुको मूल्यमा उनीहरूको नै निर्णय लागू हुन्छ । यसबाट उनीहरूको फाइदा अत्यधिक हुनजान्छ ।

कर्पोरेट क्षेत्रले उपभोक्तालाई आफ्नो मुनाफा लिने लक्ष्यको केन्द्रबिन्दु बनाएको हुन्छ । यही कारण उपभोक्ता पनि स्वतन्त्र हुँदैन । उपभोक्ताको चाहनाअनुसार कर्पोरेट क्षेत्रले खाद्यवस्तु उत्पादन गरेको दाबी गरे पनि विभिन्न विज्ञापन र सूचना प्रणालीलाई नियन्त्रण गरेर उपभोक्तामा आफू अनुकूलको चाहना विकास गर्न सकेको हुन्छ । विभिन्न उपायद्वारा कर्पोरेट क्षेत्रबाट उत्पादित वस्तुको सामाजिक माग बढाइन्छ । यसले आम उपभोक्तामा उक्त वस्तु किन्ने बाध्यता बन्छ । यस्ता वस्तुको उपभोगले मानिसले आफ्नो समूहगत, सामाजिक वा वर्गीय स्थान कायम गर्न सक्छ भन्ने भावनाको विकास गरिन्छ । यसकारण कर्पोरेट क्षेत्रले एउटा भ्रामक वास्तविकता सृजना गरिदिन्छ, जसले गर्दा उनीहरूको बजार सृजना भई दिगो समेत हुन्छ ।

कर्पोरेट क्षेत्र नियन्त्रित अवस्थामा भौगोलिक दूरी र समयको सीमा कम बाधक हुन्छ । कुनै खाद्यवस्तु धेरै टाढा र धेरै पहिला उत्पादन भएको हुनसक्छ जसले स्थानीय उत्पादन र रोजगारीलाई असन्तुलित बनाउँछ । धेरै टाढासम्म ढुवानी गर्न र लामो समयसम्म खाद्यवस्तुलाई टिकाउन छुट्टै प्रकारको प्रशोधन वा रसायनको प्रयोग तथा प्याकेजिङको आवश्यकता पर्दछ, जसले खाद्यवस्तुको प्राकृतिक गुण र पौष्टिक तत्त्वको ह्रास हुन पनि सक्छ ।[१३] यो प्रक्रियाले गर्दा विश्वव्यापी स्तरमा प्राविधिक, आर्थिक तथा राजनीतिक शक्तिकेन्द्रबाट टाढा र सीमान्त रहेका नेपाल जस्ता विकासशील देशमा खाद्य सुरक्षा जोखिममा पर्ने सम्भावना रहन्छ । नेपालको सन्दर्भमा यो सम्भावना कति व्यवहारिक देखिएको छ र खाद्य शृङ्खलाको विकास कुन प्रक्रियामा गइरहेको छ भन्ने कुरा यस अध्ययनले समेट्न खोजेको हो ।

## १.७ अध्ययनको उद्देश्य र पुष्टयाइँ

### *अध्ययनका उद्देश्यहरू*

पुस्तकको सुरुमै उल्लेख भएअनुसार अध्ययनको मुख्य उद्देश्य कर्पोरेट क्षेत्रले खाद्य शृङ्खलामा कस्तो नियन्त्रण लिन सकेको छ र यसले खाद्य सुरक्षामा के

[१३] कहिलेकाहीं यस्तो प्रक्रियाले खाद्यवस्तुलाई धेरै समयसम्म बचाइराख्न सक्ने र कुनै पनि व्यक्तिले विश्वभर उत्पादन भएका खाद्यवस्तु प्राप्त गर्नसक्ने तर्क पनि अगाडि सारिन्छ । तर यसले अन्तर्राष्ट्रिय बजार पाउन नसक्ने स्थानीय खाद्यवस्तुलाई विस्थापित हुने अवस्थामा पुर्‍याइदिन्छ, जसको ठूलो नकारात्मक असर खाद्य उत्पादन र खाद्य सुरक्षामा पर्छ ।

असर पारिरहेको छ भन्नेबारे स्थलगत अध्ययनसहित विश्लेषण गर्नु रहेको थियो । अध्ययनको यो मुख्य उद्देश्य भित्र परेका अन्य उद्देश्यहरू निम्न थिए:

- नेपालको खाद्य शृङ्खला र खाद्य उपभोग (खासगरी अन्न, तेल, दुग्ध पदार्थ लगायत) मा बहुराष्ट्रिय निगमसहित कर्पोरेट क्षेत्रको बढ्दै गएको नियन्त्रण (प्रत्यक्ष तरिकाले वा स्थानीय व्यापारिक निकायको सहभागिताबाट) बारे बुझ्ने ।
- घरपरिवारको उपभोगमा आउने खाद्यपदार्थको संरचना कस्तो छ भनेर पत्ता लगाउने र त्यसमा कर्पोरेट क्षेत्र (बहुराष्ट्रिय निगम, व्यापारिक वा औद्योगिक निकाय) तथा स्थानीय र घर परिवारको आफ्नै उत्पादनको के कति अंश छ भनेर जाँच्ने ।
- कर्पोरेट क्षेत्रको खाद्य शृङ्खला प्रबर्द्धनमा आम सञ्चारको भूमिकाबारे विश्लेषण गर्ने ।
- देशको विभिन्न क्षेत्रमा घरपरिवारको खाद्य शृङ्खलामा कर्पोरेट क्षेत्रको पकडबाट पर्ने प्रभाव पत्ता लगाउने ।
- खाद्य शृङ्खलामाथि कर्पोरेट क्षेत्रको बढ्दो पकडबाट खेती प्रणाली र खाद्य सुरक्षामा पर्ने नकारात्मक प्रभाव घटाउने रणनीतिहरू प्रस्ताव गर्ने ।

### *अध्ययन आवश्यकताको पुष्टि*

बहुराष्ट्रिय निगम तथा अन्य कर्पोरेट क्षेत्रको खाद्य शृङ्खलामाथिको नियन्त्रण र त्यससँग जोडिएका खाद्यसुरक्षाका विविध आयममाथि पर्ने प्रभावबारे कमै विश्लेषण भएको पाइन्छ । उपभोक्ता सङ्गठन तथा नीति नियमसम्बन्धी पैरवी गर्ने निकायहरूले कर्पोरेट क्षेत्र (त्यसमा पनि बहुराष्ट्रिय निगम) को बजारभित्रको प्रवेशबारे आफ्नो स्थिति र बहसलाई समर्थन गर्न पनि यस्ता जानकारी जम्मा गर्नुपर्ने देखिन्छ, यसबाट खाद्य उपभोगमा आएको परिवर्तन र खाद्य सुरक्षालाई जोड्न सकिन्छ । बहुराष्ट्रिय निगम तथा कर्पोरेट क्षेत्रको खाद्य शृङ्खलामा पहुँच र नियन्त्रणले घरपरिवार (त्यसमा पनि खासगरी गरीब तथा सीमान्त परिवार) को खाद्य उत्पादन र खाद्य सुरक्षामा नकारात्मक असर परिरहेको छ भन्ने मान्यता पाइन्छ जसबारे माथि नै चर्चा गरिसकियो । तर यो असर कसरी फैलँदो छ र परिवारको खाद्य उपभोग गर्ने प्रक्रिया एवं खाद्य सुरक्षामा कुन तरिकाले प्रभाव पारिरहेको छ भन्नेबारे वस्तुगत जानकारी हामीसँग उपलब्ध छैन । यसबारे पुग्दो जानकारी उपलब्ध नभएसम्म बहुराष्ट्रिय निगम तथा कर्पोरेट क्षेत्रसँगको खाद्य नियन्त्रणका प्रभावहरू कम गर्ने नीति नियम बनाउन तथा पैरवीको रणनीति तयार पार्न

समेत गाह्रो पर्न सक्छ । हामीले आधार मान्ने प्रभाव बलियो नभएसम्म कर्पोरेट क्षेत्रका त्यस्ता गतिविधिको विरोध गरेर प्रतिफल हासिल हुँदैन ।

नेपालले विश्व व्यापार सङ्गठन (डब्लुटीओ) को सदस्यता पाइसकेको छ । सरकारले त्यसलाई अनुमोदन गरिसकेर त्यस अनुसारको नियमहरू बनाउन प्रतिबद्ध छ । यसबाट कर्पोरेट क्षेत्रको खाद्य शृङ्खलामा उपस्थिति र नियन्त्रणको प्रक्रिया अझ बढेर जाने देखिन्छ । त्यसैले पनि कर्पोरेट क्षेत्रको खाद्य उत्पादन र खाद्य सुरक्षामाथिको प्रभावबारे प्रशस्त जानकारी सार्वजनिक रूपमा हुनु आवश्यक छ । ठूला कर्पोरेट निकाय र स्थानीय स्तरका खाद्य उत्पादकहरू अस्वस्थ प्रतिस्पर्धामा नउत्रिउन् भनेर आवश्यक ठानिएको प्रतिस्पर्धा नीति तथा कानूनको सन्दर्भमा पनि यस्तो अध्ययन महत्त्वपूर्ण हुन्छ ।

उपभोक्तालाई सचेत पार्न पनि यस्ता अध्ययनका निष्कर्षहरू उपयुक्त हुन सक्छन् । उपभोक्ता सङ्गठन तथा उपभोक्ता आफै पनि खाद्य उपभोगका नयाँ प्रक्रिया तथा त्यसले स्वास्थ्य र पोषणमा पार्ने प्रभावबारे जानकार हुनु अत्यावश्यक छ । तसर्थ यस अध्ययनका तथ्यहरू उपभोक्तालाई उपयुक्त विकल्पसहित शिक्षित बनाउने र बहुराष्ट्रिय निगम वा कर्पोरेट क्षेत्रका गतिविधि तथा प्रचारप्रसार शैलीमा निगरानी राख्ने काममा उपयोग हुन सक्छन् ।

## १.८ अनुसन्धान विधि

यस अध्ययनलाई आवश्यक पर्ने जानकारी जम्मा गर्न विभिन्न तरिकाहरू अपनाइएको थियो । सबैभन्दा पहिला खाद्य क्षेत्रमा संलग्न बहुराष्ट्रिय कम्पनी तथा अन्य कर्पोरेट क्षेत्र र तिनका प्रभावबारे विद्यमान जानकारीहरू सङ्कलन गरिएको थियो । त्यसपछि के के जानकारीहरू आवश्यक पर्दछ भन्ने विषयमा सोचेर यस्ता जानकारी प्राप्त गर्ने उपयुक्त विधिहरू तय गरिएको थियो । ती विधिहरू निम्न तीन प्रकारका थिए:

### *१.८.१ खाद्य उत्पादनमा संलग्न उद्योगहरूको अध्ययन*

नेपालमा खाद्य उत्पादनमा संलग्न उद्योगहरू के के छन्, उनीहरूले कस्तो उत्पादन गर्दछन्, जम्मा लगानी के छ, बजार व्यवस्था कसरी गर्दछन्, उनीहरूको बहुराष्ट्रिय कम्पनीसँग कस्तो सम्बन्ध छ, विज्ञापन कसरी गर्दछन्, विज्ञापनको लक्षित समूह कुन हो आदि जानकारी प्राप्त गर्नु थियो । तर यस्ता खाद्य उद्योगहरूले यी सूचनाहरू आफ्नो व्यापारको गोप्य रणनीति भएकोले यससम्बन्धी जानकारी दिन चाहेनन् । त्यसपछि यी जानकारीहरू प्राप्त गर्न विभिन्न सरकारी निकाय (मुख्य: उद्योग वाणिज्य मन्त्रालय, व्यापार प्रवर्द्धन केन्द्र) तथा उद्योग वाणिज्य सङ्घहरूमा

गएर, छलफल गरेर र उनीहरूको पुस्तकालयमा सङ्कलित पत्रपत्रिका, पुस्तक आदिबाट जानकारी प्राप्त गरिएको थियो । खाद्य क्षेत्रमा बहुराष्ट्रिय कम्पनी वा विदेशी लगानी नेपालमा कम छ- उनीहरूको निष्कर्ष यही थियो । तर विदेशी खाद्यपदार्थ तथा वस्तुको आयात व्यापक भएको जानकारी पाइयो ।

### *१.८.२ द्रुत बजार सर्वेक्षण*

यो सर्वेक्षण गर्नुको मुख्य उद्देश्य बहुराष्ट्रिय निगमका के के खाद्य उत्पादकहरू बजारमा आएका छन् ? कसरी आएका छन् ? यिनीहरूको प्रभाव वा बिक्री वितरण कस्तो छ ? र यसले स्थानीय उत्पादनलाई बजार पाउन के समस्या पारेको छ भन्नेबारे जानकारी प्राप्त गर्नु थियो । सर्वेक्षणकै क्रममा बजारका विभिन्न पसल (जस्तैः सुपरमार्केट तथा अन्य केही परम्परागत खुद्रा पसल) मा अध्ययनको लागि छानिएका खाद्यवस्तुमा कस्ता प्रकारका बहुराष्ट्रिय निगमका उत्पादन छन् त्यसको खोजी गरियो । आयातित वस्तुको मूल्य कस्तो छ ? खाद्यवस्तुको स्थानीय विकल्प, मूल्य, बिक्री वितरण कस्तो छ ? पत्ता लगाइएको थियो । यो काठमाडौँको असन क्षेत्रमा गरिएको थियो । यस सर्वेक्षणमा केवल दूध, खानेतेल र कफी जस्ता खाद्यवस्तुको अध्ययन गरिएको थियो । सर्वेक्षण २०६१ को सुरुमा र पुनः वर्षको अन्तमा पनि गरिएको थियो । यस अध्ययनबाट प्राप्त नतिजाहरू अध्याय दुईमा प्रस्तुत गरिएको छ ।

### *१.८.३ स्थलगत घरधुरी र समुदायको सर्वेक्षण*

खाद्य सञ्जाल र त्यसमा कर्पोरेट क्षेत्रको पकडबारे स्थलगत अध्ययन सर्वेक्षणको काम विभिन्न संस्थाको सहकार्यमा २०६१ सालमा सम्पन्न भएको थियो । अध्ययन देशका विभिन्न ८ जिल्लाहरूमा २०६१ जेठ-भदौमा सम्पन्न गरिएको थियो । ती जिल्लाहरू जुम्ला, कपिलवस्तु, कास्की, चितवन, काठमाडौँ, दोलखा, धनुषा र मोरङ हुन् । अध्ययनको प्रक्रियाबारे २०६१ जेठ २० गते संलग्न संस्था तथा व्यक्तिहरूबीच छलफल गरेर अध्ययन प्रक्रिया तथा प्रश्नावलीलाई अन्तिम रूप दिने काम भयो । अध्ययनबाट प्राप्त जानकारीलाई विश्लेषण गरिएको थियो । अध्ययनको लागि सहकार्यमा संलग्न संस्थाहरू तथा सम्बन्धित जिल्लाहरूको नामावली परिशिष्ट १ मा दिइएको छ ।

घरधुरी सर्वेक्षण देशका विभिन्न सहरी तथा ग्रामीण क्षेत्रमा गरिएको थियो । अध्ययन गरिएका प्रमुख सहरी क्षेत्र विराटनगर, काठमाडौँ, पोखरा थिए भने ग्रामीण क्षेत्र पहाड तथा मधेशका विभिन्न ठाउँहरू थिए । एक्सन एड नेपालसँग सहकार्य गरेका विभिन्न संस्थाहरूको माध्यमबाट दोलखा, जनकपुर, चितवन,

कपिलवस्तु तथा जुम्ला जिल्लामा सर्वेक्षण गरिएको थियो । यी जिल्लाहरूमा एक्सन एडका सहयोगी संस्थाहरू (एनजीओ) काम गरिरहेकोले पहुँच, स्रोत र समयका कारण यी जिल्लाहरूमा अध्ययनको लागि छनोट गरियो । घरधुरी सर्वेक्षण पहिल्यै तयार गरिएको प्रश्नावलीको आधारमा गरिएको थियो (प्रश्नावली परिशिष्ट ३ मा समावेश छ) । घर परिवारको सर्वेक्षणमा प्रत्येक क्षेत्रमा गरीब, मध्यम र धनी गरी तीनओटै आर्थिक समूहका छुट्टाछुट्टै १५-१५ घरपरिवारसँग अन्तर्वार्ता/प्रश्नावली भर्ने काम गरिएको थियो । घरधुरी सर्वेक्षण जम्मा ४०५ घरमा गरिएको थियो । घरधुरी सर्वेक्षणबाट प्राप्त सूचनाको विश्लेषण अध्याय चारमा गरिएको छ । घरधुरी सर्वेक्षण गर्दा निम्न विधि अपनाइएको थियो ।

**क. अध्ययन क्षेत्रको छनोटः** प्रत्येक सहयोगी संस्थाले आफ्नो जिल्लामा एक अध्ययन क्षेत्र छनोट गरेको थियो । ग्रामीण क्षेत्रको अध्ययनको लागि एउटा गाविस छान्ने, त्यसको एउटा त्यस्तो वडा छान्ने जहाँ विभिन्न भाषाभाषी र जातजाति तथा फरक आर्थिक स्थिति भएका भिन्नभिन्न सांस्कृतिक सामाजिक समूहहरू होऊन् । सहरी क्षेत्रको लागि भने कुनै एउटा वडाको माथि भनिएजस्तै विविधता भएको एउटा टोलछिमेक छानिएको थियो । यस अध्ययनमा आठ संस्थाले आठओटै जिल्लामा एक/एक अध्ययन क्षेत्र छनोट गरेका थिए । जम्मा चारओटा सहरी क्षेत्र (पोखरा, काठमाडौँ, नारायणगढ र विराटनगर) र पाँचओटा गाविस (दोलखामा दुई र धनुषा, कपिलवस्तु र जुम्लामा एक/एक गाविस) अध्ययन क्षेत्रको रूपमा छानिएको थियो ।

**ख. आर्थिक स्थितिको आधारमा घरपरिवारको वर्गीकरणः** सहभागितात्मक आर्थिक वर्गीकरणको विधि अपनाएर छानिएका वडा (ग्रामीण क्षेत्रमा) वा टोल (सहरी क्षेत्रमा) का घरपरिवारलाई त्यहाँकै व्यक्तिहरूको सहभागितामा (परिशिष्ट २ मा दिइएको तरिकाअनुसार) आर्थिक स्थितिको आधारमा तीन समूह (उच्च, मध्यम र निम्न) मा विभाजन गरिएको थियो ।

**ग. घरपरिवारको सर्वेक्षणः** परिशिष्ट ३ मा दिइएको प्रश्नावलीअनुसार घरपरिवारको सर्वेक्षण भएको थियो । माथि भनिए जसरी छानिएका परिवारका घरमूलीको श्रीमान, श्रीमती दुवैको उपस्थितिमा प्रश्न सोध्न प्राथमिकता दिइएको थियो । तर सबै ठाउँमा यो अभ्यास व्यवहारिक भएन । धेरै उत्तर पुरुषहरूबाटै आएको थियो ।

**घ. अध्ययन क्षेत्रको सहभागितामूलक ग्रामीण लेखाजोखाः** गाउँका विभिन्न समुदाय/बस्ती, स्रोत तथा अन्य पूर्वाधारहरू देखाउने खालको एउटा साधारण नक्सा तयार पार्ने योजना गरिएको थियो । त्यसबाहेक गाउँका पसल, बजार भएको स्थान, कुन पसलबाट र कहाँ गएर सामान ल्याइन्छ वा सामानहरूको आयातनिर्यातको चक्र देखाउने खालको अर्को 'व्यापार नक्सा' पनि तयार पारिने सोचाइ राखिएको थियो । नक्साले गाउँमा खपत हुने मुख्य खाद्यवस्तु (प्याक गरिएका वा अन्य तयारी खाद्यवस्तुसहित) को आयात-निर्यातको बाटो समेत देखाउने आशा गरिएको थियो । तर व्यवहारमा यो विधि लागू गर्न सकिएन ।

**ङ. समूह केन्द्रित छलफलः** प्रत्येक अध्ययन क्षेत्रमा छओटा समूहसँग छुट्टाछुट्टै छलफल गर्ने योजना बनाइएको थियोः महिला समूह, गरीब समूह, मध्यम वर्गको समूह, धनी वर्गको समूह, व्यापारीको समूह र युवा/केटाकेटीको समूह । छलफल अगाडि बढाउन प्रश्नावलीको एउटा चेक लिस्ट पनि तयार गरिएको थियो (जुन परिशिष्ट ४ मा दिइएको छ) । जे होस् खाद्यवस्तुको खपतमा आएको परिवर्तन र विभिन्न कम्पनी/उद्योगबाट उत्पादित खाद्यवस्तु (तयारी र प्याक गरिएका सहित) को उपभोग कसरी भइरहेको छ भन्ने विषयमै केन्द्रित रहेर छलफल अगाडि बढाउने र उपयुक्त प्रश्न सोध्ने उद्देश्यले यो विधि पनि अपनाइएको हो । क-कसले के के भने भनेर टिप्ने, बोल्ने व्यक्तिको पृष्ठभूमि पनि टिप्ने योजना थियो । समय र अनुगमनको अभाव तथा द्वन्द्वको कारणले गर्दा यो विधि पनि धेरै ठाउँमा लागू गर्न सकिएन । केवल काठमाडौँका दुई ठाउँमा मात्र यो गर्न सम्भव भयो ।

**च. समयअनुसार खाद्यवस्तुको खपतमा आएको परिवर्तनको सर्वेक्षणः** त्यसको लागि गाउँका अलि पाका जान्ने सुन्ने महिला र पुरुष सहितको एउटा समूह बनाएर उनीहरूसँग पहिले के कस्ता खाद्यवस्तुहरू पाइन्थे, खाना कसरी तयार गरिन्थ्यो, उनीहरूले बाहिरबाट के-के खरिद गर्थे, सानो उमेरमा साँझ बिहानको खाना तथा खाजा/नास्तामा के के खान्थे भन्नेबारे जानकारी लिने उद्देश्य राखिएको थियो । खाद्यवस्तु खपत गर्ने पुरानो तरिकामा कहिले र किन परिवर्तन आयो (नयाँ खाद्यवस्तु वा त्यसको बनाउने तरिका सुरु भएकोबारे) भन्नेबारे पनि जानकारी लिनुपर्ने थियो । यो तरिका पनि विभिन्न कठिनाइले गर्दा व्यवहारमा लागू गर्न सकिएन । तर घरपरिवार सर्वेक्षणको प्रश्नावलीमा यसबारे जानकारी दिनेखालका प्रश्न पनि राखिएका थिए जसबारे अध्याय चारमा चर्चा गरिएको छ ।

**छ. केही घटना-अध्ययन (केस स्टडिज्) को सङ्कलन**ः बहुराष्ट्रिय/ठूला कम्पनीबाट उत्पादित खाद्यवस्तुको खपत, उनीहरूको खाद्य शृङ्खलामा रहेको नियन्त्रणले स्थानीय मानिसहरूको किन्ने प्रवृतिमा पारेको असर र त्यहाँको खाद्य सुरक्षामा (खाद्यउत्पादन, वितरण, रोजगारी, आय आर्जन आदिमा) परेको प्रभावबारे यदि कुनै महत्त्वपूर्ण घटना भए त्यस घटनाबारे विस्तृत जानकारी जम्मा गर्ने र त्यो प्रभावित व्यक्ति (वा परिवार, वा उद्योग, वा व्यापारी, वा अन्य कुनै) को सूचना जम्मा गर्ने उद्देश्य पनि लिइएको थियो । तर यो विधि पनि व्यवहारमा लागू गर्न सकिएन ।

### *१.८.४ व्यापारीहरूको सर्वेक्षण*

यो अध्ययन क्षेत्रको (वडा/टोलका) बासिन्दाले खाद्यवस्तु खरिद गर्ने पसलहरूको सर्वेक्षण हो । प्रत्येक अध्ययन क्षेत्रमा धेरैजसोले खरिद गर्ने दुइटा मुख्य पसलहरू छानेर त्यसको पसलेसँग एउटा सानो प्रश्नावलीको (यो प्रश्नावली परिशिष्ट ५ मा समावेश छ) आधारमा सर्वेक्षण गरिएको थियो । यो सर्वेक्षणको मुख्य उद्देश्य ती पसलमा कम्पनी/उद्योगहरूबाट उत्पादित के कस्ता खाद्यवस्तुहरू पाइने रहेछन्, तिनको मूल्य के कस्तो छ, के कस्ता ब्राण्डका (कम्पनीको नाम र स्थान) खाद्यवस्तु छन् र उत्पादन हुने कारखाना/उद्योगबाट कसरी त्यहाँ आइपुग्छन् भन्नेबारे जानकारी जम्मा गर्नु थियो । यो विधिबाट प्राप्त जानकारी अध्याय दुईमा समावेश छ । यो विधि सबै ठाउँमा नभए पनि केही ठाउँमा (जम्मा २३ पसलमा) गरिएको थियो ।

### *१.८.५ मिडियाको अध्ययन*

मिडियामा कर्पोरेट क्षेत्रबाट उत्पादित खाद्यवस्तुको सूचना तथा विज्ञापन कस्तो आउँछ भन्नेबारे सानो अध्ययन पनि भएको थियो । यो अध्ययनलाई दुई भागमा विभाजन गरिएको थियोः छापामा आउने विज्ञापन (जसअनुसार *कान्तिपुर* र *गोरखापत्र*लाई समेटिएको थियो) र रेडियो वा टिभीमा आउने विज्ञापन । छापामा एक महिनासम्म कस्ता विज्ञापन आए भन्नेबारे अध्ययन भएको थियो भने काठमाडौँमा सुनिने र देखिने नेपाली रेडियो तथा टिभीमा कस्ता विज्ञापन आउँछन् भन्नेबारे पनि अध्ययन भएको थियो । यो अध्ययनबाट प्राप्त जानकारी अध्याय तीनमा प्रस्तुत गरिएको छ ।

## १.९ अध्ययन विधिको आलोचनात्मक समीक्षा

माथि उल्लेख भएअनुसार अध्ययनका विभिन्न तरिकाहरू प्रयोग गर्नुको उद्देश्य मुख्यतः गुणात्मक तथा सङ्ख्यात्मक दुवै जानकारीहरू प्राप्त गर्ने, क्रसचेक गर्न सजिलो पर्ने र उत्तरदाताको सहभागितामा उनीहरूले भोगेको वा भोग्न सक्ने वास्तविकता पत्ता लगाउने थियो । तर माथि उल्लेख भएअनुसार सबै विधिहरू व्यवहारमा लागू भएनन् । मुख्यतः प्रश्नावली विधि मात्र प्रयोग भएको देखिन्छ (जस्तैः घरधुरी सर्वेक्षण, व्यापारी सर्वेक्षण) । यसबाट के बुझिन्छ भने अझ पनि यो प्रश्नावली विधि मात्र प्रयोग गर्न संस्थाहरूको क्षमता वा रुचि देखिन्छ । यस अध्ययनमा पनि गुणात्मक जानकारीको कमी देखिन्छ । घरधुरी सर्वेक्षण प्रश्नावलीमा पनि व्यक्ति तथा परिवारको अनुभव, दृष्टिकोण र विचार आओस् भन्ने उद्देश्यले धेरै प्रश्नहरू खुल्ला र छलफल बढाउने खालका थिए । तर यिनीहरूबाट पनि खासै धेरै जानकारीहरू प्राप्त भएनन् । यो कमजोरी यस अध्ययनको मात्र नभएर सबै खाले अध्ययनमा देखापर्ने गरेका कमजोरी हुन् ।

यस अध्ययनले पुनः एकपटक अध्ययन विधिमा हाम्रो रुढिवादिता, धेरै संस्था संलग्न हुँदा हुने जटिलता, अनुगमनको अभावबाट हुने समस्या, आदिलाई प्रस्ट देखाउँछ । गाउँस्तर वा समुदायको नजिक र राम्रो हेलमेल भएका संस्थाद्वारा स्थलगत अध्ययन गर्दा राम्रो र सकेसम्म वास्तविक जानकारी पाइने सम्भावनालाई यसमा समेट्न खोजिएको हो । तैपनि अनुगमन र समन्वयको अभावमा सर्वेक्षण एकैपटक नभएको र सबै विधि प्रयोग भए वा नभएको जाँच गर्न नसकिएको कारणबाट उद्देश्य वा योजना गरिएअनुसार स्थलगत अध्ययनबाट गुणात्मक जानकारी लिन गाह्रो भएको देखिन्छ ।